# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक

वर्ष १ अङ्क ९ | २०७३ साउन ३१ गते सोमबार | Monday, Aug 15, 2016 | पृष्ठ ८ | मूल्य रु. १०|-


सहिद रामवृक्ष यादवको स्मृति दिवसको अवसरमा

## मरामुमोको राष्ट्रिय भेला जनकपुरमा



**जनकपुर ।** महान सहिद रामवृक्ष यादवको स्मृति दिवसको अवसर पारेर नेकपा (क्रान्तिकारी माओवादी) निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाले आफ्नो राष्ट्रिय भेलाको तयारी गरेको छ । भाद्र २ गते पर्ने स्मृति दिवसमा आयोजना गरिने राष्ट्रिय भेलाको उद्घाटन नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन बैद्य'किरण'ले गर्ने कार्यक्रम तय गरिएको छ ।

मधेसी दलका नेताहरु आन्दोलन छोडेर मालदार मन्त्रालयतिर ... बाँकी ८ पेजमा

# 'नयाँ जनवादी क्रान्ति' नै अबको कार्यदिशा

*फ्युजनले कन्फ्युजन ल्यायो, प्रविधिको विकाससँगै फौजी कार्यदिशामा समृद्ध गरिने*

◆ **वर्गदृष्टि संवाददाता**
*काठमाडौं ।*

नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य 'किरण'ले नयाँ जनवादी क्रान्तिका लागि फौजी कार्यदिशा अबलम्बन गरेर अघि बढ्ने बताएका छन् । उनले विगतमा कार्यदिशाकै सन्दर्भमा पटक-पटक बहस भएको उल्लेख गर्दै उनले अब नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्धिकरण गरेर नयाँ उचाईमा उठाउने बताए ।

नेकपा (क्रान्तिकारी माओवादी)को मध्यकमाण्डस्तरीय कार्यकर्ता प्रशिक्षणमा अध्यक्ष किरणले विगतमा कम्पयुनिष्ट पार्टीले सर्वहारावर्गका जनताको नेतृत्व गर्न नसकेकाले मुक्ति सम्भव नभएको भन्दै यसैका कारण पटक-पटक क्रान्तिमा फुट फैदा भएको बताए ।

माओवादी आन्दोलनलाई कसरी ध्वस्त पार्न सकिन्छ भनेर देशी विदेशी दलाल, प्रतिक्रियावादी र साम्राज्यवादी शक्ति लागेको उल्लेख गर्दै उनले पछिल्लो समयमा पार्टी एकीकरणको नाममा क्रान्तिकारी धारलाई सिध्यान खोजेपनि नसकेपछि नेता रामबहादुर थापा बादल नेतृत्वको समूहलाई अलग गराएको बताए ।

उनले भने, 'हामी सबै भएर दोस्रो कथित


फोटो : जय दाहाल

संविधानसभा निर्वाचनको विरोध गरेको हो । अहिले आएर बादलजीहरु त्यही संविधान कार्यान्वयन गर्नुपर्छ भनेर भाषण गर्दै हिड्नु भएको छ ।'

अध्यक्ष किरणले आफूहरुले एकताका लागि गरेको प्रस्ताव गलत मनसायका साथ नराखेको उल्लेख गर्दै उनले सुधार गर्न सकिन्छ भने किन बिग्रिन दिने भनेर आफूले सक्दो प्रयास गरेपनि प्रचण्डले सारसंग्रहवादी र टालटुले प्रस्ताव ल्याएपछि त्यसलाई क्रान्तिकारी शक्तिले स्वीकार गर्न सक्ने अवस्था नभएको बताए ।

'बादलजीहरु जानुभयो, सरकारमा गएपछि सबै कुरा हुने पनि भयो । त्यसो भइसकेपछि यहाँ बसेर संघर्ष किन गर्ने ?', उनले प्रश्न गरे, 'यहाँ हैरानी र परेशानीमात्रै छ भन्ने उहाँहरुलाई लागेको थियो । तर, क्रान्तिकारीको बाटो सधैं उज्वल हुन्छ, क्रान्तिको जित सम्भव छ भन्ने कुरा उहाँहरुले बिर्सनुभयो र नवसंशोधनवादमा पतन हुनुभयो ।'

तत्कालीन एमाओवादी अध्यक्ष प्रचण्डले पठाएको पत्रको जवाफमा कार्यालयका तर्फबाट आफूले प्रस्ताव तयार पारेपनि बादलले त्यसको विरुद्ध अर्को प्रस्ताव ल्याएको, प्रस्तावमा नयाँ जनवाद छाड्ने, सरकारमा जाने र राष्ट्रिय जनवादको प्रस्ताव अस्पष्ट र गोलमटोल ढंगले प्रस्तुत गरिएको बताए ।

सोही क्रममा सो समूहले पार्टी अध्यक्षविरुद्ध हस्ताक्षर अभियान नै चलाएर जनवादी केन्द्रीयतालाई मिचेको, पार्टीले एकताका लागि बनाएको समितिलाई नै छलेर बादल र देव गुरुङले आफूखुसी सहमति गरेपछि एकताको औचित्य समाप्त भएको उनको भनाइ थियो ।

उनले अब पार्टीलाई नयाँ आधारमा अघि बढाउने सही समय आएको भन्दै अध्यक्ष किरणले नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई सुदृढ गरेर अघि बढ्ने गरी केन्द्रीय समितिले निर्णय गरेको जानकारी गराउँदै उनले कार्यकर्तालाई सोही अनुसार अघि बढ्न निर्देशन दिए ।

अहिले आमजनतामा क्रान्तिको नेतृत्व गर्ने विप्लव र संसदको नेतृत्व गर्ने प्रचण्ड भएको भन्दै भ्रम छरिएको प्रसंग उल्लेख गर्दै उनले दुवैको एउटै एजेन्डा रहेको बताए । 'विप्लवजीहरु एकीकृत क्रान्तिको नाममा सत्ता साझेदार खोजिरहनु भएको छ । प्रचण्डजीको त संसदको उपयोगमात्रै नभएर ... बाँकी ८ पेजमा

## संयुक्त मोर्चा समितिको भेला भदौं २६ मा

**काठमाडौं ।** तयारी अपुग भएको भन्दै १५ भदौमा हुने भनिएको नेकपा (क्रान्तिकारी माओवादी)ले निर्माण गर्न खोजेको क्रान्तिकारी संयुक्त मोर्चा समितिको भेला भदौं २६-२८ मा हुने भएको छ । काठमाडौंमा हुने सो समितिको भेलामा देशैभरिबाट नेता कार्यकर्ताहरुको बाक्लो उपस्थिति हुने पार्टी स्रोतले जनाएको छ । निकै चासो र जिज्ञासाका साथ हेरिएको यो मोर्चा समितिको संयोजकमा क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको पछिल्लो बैठकले पार्टीका बरिष्ठ नेता सिपी गजुरेललाई तोकिसकेको छ । नेपालमा नयाँ जनवादी क्रान्तिको निम्ति तीन जादुगरी हतियारको आवश्यकता पर्दछ भन्ने मान्यता राख्ने क्रान्तिकारी माओवादीले तीन जादुगरी हतियार मध्ये संयुक्त मोर्चालाई एक मानेको छ । पार्टी, सेना र संयुक्त मोर्चालाई क्रान्तिका तीन जादुगरी हतियारको रुपमा सो पार्टीले व्याख्या गर्दै आएको छ । यसर्थमा पनि यो मोर्चा समितिको निर्माणलाई देशभित्र र बाहिर निकै चासोका साथ हेरिएको छ ।

## क्रान्तिकारी माओवादीले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने

**काठमाडौं ।** सुकुम्बासीहरुको समस्यालाई महत्वका साथ उठाउँदै आएको नेकपा (क्रान्तिकारी माओवादी)ले साउन ३२ गते दिउसो २ बजे सुकुम्बासीहरुको समस्या समाधानलगायतका विषयहरुलाई लिएर नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाउने भएको छ । सुकुम्बासीहरुसहित क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'को नेतृत्वमा ज्ञापनपत्र दिन प्रधानमन्त्री निवास बालुवाटार जाने कार्यक्रम तय गरिएको क्रान्तिकारी माओवादी पार्टी कार्यालयले जानकारी दिएको छ ।

यसैबीच, क्रान्तिकारी माओवादीका अध्यक्ष किरणले शनिबार प्रधानमन्त्री प्रचण्डलाई प्रधानमन्त्री निवास वालुवाटारमा भेटी दोस्रोपटक प्रधानमन्त्री बन्न सफल भएकोमा बधाई दिंदै राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षका काम गर्न प्रधानमन्त्रीको ध्यानाकर्षित गराएको बुझिएको छ । सो भेटमा खासगरी सुकुम्बासी समस्या तत्काल समाधान गर्न आग्रह गरेको अध्यक्ष किरणको सचिवालयले जनाएको छ ।

## 'विशाल नेपाल'बारे चीनको चासो

**काठमाडौं ।** सन् १८१६ मा नेपाल-अंग्रेजबीच भएको सुगौलीसन्धि अधिनस्त रहेको तत्कालीन अवस्थाको भूमि सन्धिअनुसार भारतमाथि उसले चलाएको शासन छाडेसँगै उक्त सन्धि स्वतः खारेज भएको ठहरिने र सन्धि अधिनस्त भूमि स्वतः नेपालको हुने कुरा उल्लेख भएपनि नेपालले त्यसबारे अन्तर्राष्ट्रिय मञ्चमा यो कुरा उठाउन सकेको छैन । भारतले उल्टो यही सन्धिको आधारमा गरेको सन् पचासको सन्धि र ०६२/०६३ को अर्को सन्धि गरेर नेपाली शासकहरुमा रहेको राष्ट्रिय आत्मसमर्पणवादी प्रवृत्तिबाट फाइदा उठाउँदै दिनदिनै सीमा मिचिरहेको छ । नेपालका नदीनालामाथि आफ्नो एकाधिकार पैदा गरेको छ ।

यही पृष्ठभूमिमा भारतले हडपेको नेपाली भूभाग फिर्ता गर्नका लागि जारी रहेको ग्रेटर नेपाल आन्दोलनका लागि चीनले चासो राखेको ग्रेटर नेपालका अभियन्ता तथा ग्रेटर नेपाल राष्ट्रवादी मोर्चाका अध्यक्ष फणीन्द्र नेपालले दावी गरेका छन् । उनले जनाए अनुसार उनलाई चीनमा आमन्त्रण गरी चीनले यसबारे चासो राखेको हो । चीनको 'गुडविल च्यारिटी'को निमन्त्रणामा नेपालले बेइजिङ्ग र छेन्दुको दश दिने भ्रमण गरेर १८ साउनमा फर्किएका नेपालले यस्तो दावी गरेका हुन् ।

बेइजिङ्गमा रहँदा उनले चिनियाँ राष्ट्रपतिका प्रमुख सल्लाहकार प्रो. लि सिक्वाङ्ग, नेपालका लागि चीनका पूर्व राजदूत ली त प्याओ र चिनियाँ कम्युनिष्ट पार्टी स्टेट काउन्सिलका पदाधिकारीहरुसँग छुट्टाछुट्टै भेटघाट गरेका थिए । ... बाँकी ८ पेजमा

## कूटनीतिक तनावमा प्रधानमन्त्री दाहाल

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेपाल भूराजनीतिक दाउपेचको खेलमैदान बनिरहेको छ । पुष्पकमल दाहालको नेतृत्वमा सरकार बनेसँगै धेरै खेलहरु सतहमा देखिन थालेका छन् । भूराजनीतिक हिसाबले विशिष्ट अवस्थामा रहेको नेपालमा वैदेशिक शक्तिकेन्द्रहरु आ-आफ्ना रणनीतिक स्वार्थ बोकेर आफ्ना उपस्थिति बढाइरहेका छन् । पर्दा पछाडि भइरहेका खेलहरु नेपालको सार्वभौमिकतामाथि गम्भीर आँच पुऱ्याउने खालका देखिन्छन् ।

रअ र सिआइएको स्वार्थ र योजना मुताविक बनेको भनेर आरोप खेपिइरहेको दाहाल नेतृत्वको सरकारको योजनाविपरीत चिनियाँ राष्ट्रपति सि जिनपिङ नेपाल भ्रमणमा आउन चाहिरहेका छन् । पूर्वाधार विकासका लागि भनेर सिले १४ मिलियन डलर सहयोग प्याकेज लिएर आउन लागेको समाचार स्रोतहरुले दावी गरेका छन् । सिको भ्रमण रोक्नका लागि नै ओली सरकार गिराइएको ... बाँकी ८ पेजमा

## अखिल (क्रान्तिकारी) आन्दोलित


- नौं बुँदे मागसहित पूर्वाञ्चल विश्वविध्यालयका कलेजमा तालाबन्दी
- इन्जिनियरिङ क्याम्पसमा १६ बुँदे माग

◆ **वर्गदृष्टि संवाददाता/काठमाडौं**

नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) शुल्कवृद्धि र शैक्षिक विकृतिका विरुद्ध आन्दोलित बनेको छ । इन्जिनियरिङ शिक्षामा भएका विकृति हटाउन माग गर्दै संगठनले पुल्चोक स्थित डीनको कार्यालयमा १६ बुँदे मागपत्र पेश गरेको छ भने नौं बुँदे मागसहित पूर्वाञ्चल विश्वविद्यालयका कलेज र सम्पर्क कार्यालयमा तालाबन्दी गरेको छ । ... बाँकी ८ पेजमा

## वैचारिक विचलन र प्रचण्डको बुर्जुवाकरण

मुलुकमा विकसित पछिल्ला घटनाक्रमले नेपालका राजनीतिमा क्रियाशिल रहेका तत्व र शाक्तिका साथै तिनका पृष्ठपोषक अनुयायीका छद्म रुप र आकांक्षालाई घृणित रुपमा अनावृत्त गरेका छन् । मार्क्सवादका नाउँमा नेपाली जनतालाई भ्रम दिई साम्राज्यवाद र विस्तारवादकै हितमा काम गर्दै आएको नेकपा (एमाले) र त्यसका नेता केपी ओलीको सत्ता बहिर्गमनसँगै विभिन्न किसिमका टिकाटिप्पणी हुँदै आएका छन् । राष्ट्रवादी र राष्ट्रविरोधी कित्तामा गरिएका चर्चा त्यत्ति गम्भीर एवम् यथार्थपरक देखिएका छैनन् । केपी ओलीका आत्मपरक एवम् नितान्त वैयक्तिक सोंच र गतिविधिलाई माथि उठाउने र ओलीलाई महान् राजनेताको पगरी गुथाउने तत्व आफैमा मुलुक र मुलुकका दुस्मन हुन् भन्ने कुराको पुष्टि सन् १९५० देखिका असमान सन्धि सम्झौताका सम्बन्धमा कुनै कुरा नउठाएको मात्रै होइन, त्यसभन्दा कांग्रेस, एमाले सम्मिलित गठबन्धन सरकारद्वारा भारतसँग गरिएको पिडिए र पिटिए सम्झौताले तिनीहरुको राष्ट्रवादी अनुहार स्पष्ट चित्रित भएको छ । उक्त पछिल्ला सम्झौतामा तत्कालीन एमाओवादीको समर्थन र सहयोग रहेको कुरा समेत स्मरणीय छ ।


प्रा.डा. जगदिशचन्द्र भण्डारी

पछिल्लो सत्ता गठबन्धनमा देखिएको उत्ताउलोपना र सत्तास्वार्थको आवेगपनालाई ध्यान दिने हो भने नेकपा (माके)ले मुलुकमा वास्तविक परिवर्तनभन्दा नेतृत्वमा ध्यान केन्द्रित गरेको देखिन्छ । हिजोका क्रान्तिकारी उपलब्धि र विकासलाई विस्तारवादसामु समर्पण गरी माकेका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड' प्रतिक्रियावादीहरुको समूहमा मिसिन र प्रतिक्रियावादी बन्नकै निम्ति गरिएका कार्यका रुपमा पछिल्ला गतिविधि भएको हो भन्ने वास्तविकताप्रति बौद्धिक र जागरुक मानिस सहमत छन् । प्रतिक्रियावादी सत्तालाई नै दरिलो र सबल बनाउने काममा सम्पूर्ण शक्ति लगाउने पुष्पकमल दाहालमा विगतमा गरिएका आदर्शमूलक र पराक्रमधर्मी मुक्तिकार्यमा अपराधबोध हुन थालेको प्रतीत हुन्छ । गठबन्धनबाट प्रधानमन्त्री भइसकेपछि उनले बोलेका कुराहरुमा दशवर्षे जनयुद्धका दौरान उदात्त आदर्शका निम्ति भएका बलिदान, त्याग र उत्सर्गप्रति पश्चाताप गरिएको छ । 'मैले नै संरचना भत्काएको छु र त्यसको जिम्मेवारी मैले नै लिन्छु' भन्ने जस्ता अभिव्यक्तिहरु ०४७ पछि तत्कालीन नेकपा (एमाले)ले झापा काण्डलगायतका वर्गसंघर्षका गतिविधिप्रति... बाँकी ४ पेजमा

## सम्पादकीय

# स्वतन्त्र राष्ट्रको हैसियतलाई कायम राख !

विश्वमानचित्रमा नेपाल एउटा स्वतन्त्र र सार्वभौम देश हो । उत्तर र दक्षिणका दुई छिमेकीको शक्तिराष्ट्रमा उदयसँगै नेपाल दुवै छिमेकीको चेपुवामा पर्दै आएको छ । त्यसमाथि विश्वको महाशक्ति राष्ट्र अमेरिकासँग चीनले प्रतिस्पर्धा गर्ने हैसियत वृद्धि गरेपछि नेपाल अमेरिकालगायत पश्चिमा राष्ट्रहरुले पनि चीनका विरुद्ध चलखेल गर्ने थलो बन्न थालेको छ । नेपाल यतिखेर मुख्यतः अमेरिका, चीन र भारतका स्वार्थहरु चलखेल गर्ने थलोको रुपमा विकास भइरहेको छ । नेपालका शासकहरुले यी विदेशी शक्तिहरुको स्वार्थका बीच सन्तुलित भूमिका खेल्न सकेको छैन । परिणामतः नेपालमाथि वैदेशिक हस्तक्षेप दिनदिनै बढेर गएको छ ।

नेपालको राजनीति, यहाँका राजनीतिक दलहरु र यहाँ बन्ने सरकार र नेताहरु कोही प्रो-अमेरिकन, कोही प्रो-चाइनिज त कोही प्रो-इण्डियन बन्दै र भन्दै आएका छन्, बिडम्बना, उनीहरु प्रो-नेप्लिज बन्न सकेका छैनन् । फलतः नेपालको राजनीतिले केवल विदेशीको दलाल नेता तथा शासकहरु मात्रै जन्माइरहेको छ । र, नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथि शक्तिराष्ट्रहरुको थिचोमिचो ह्वात्तै बढेर गएको छ । सुस्तादेखि लिपुलेकससम्म यिनै थिचोमिचोका उदाहरण हुन् ।

भारतसँग नेपालको १८ सय किलोमिटर खुला सिमाना छ भने चीनसँग १ हजार ४ सय १४ किलोमिटरसम्म सीमा जोडिएको छ । नेपाली भूमि छिमेकीका विरुद्ध प्रयोग हुन नदिने नेपालले पटक-पटक प्रतिबद्धता जनाएपनि त्यस्ता गतिविधिहरु भइरहेकै छन् । यसैलाई आधार बनाएर भारत र चीनले नेपालमा आफ्नो उपस्थितिलाई तीव्रता दिइरहेका छन् । शासकहरुको लैबरी पाराले गर्दा नेपालको राष्ट्रिय स्वाधीनता जोखिममा पर्दै गएको छ ।

पुष्पकमल दाहाल'प्रचण्ड' प्रधानमन्त्री बनेपछि भारतीय मिडियाले निवर्तमान प्रधानमन्त्री ओलीलाई 'प्रो-चाइनिज' र प्रचण्डलाई 'भारतको मित्र' भनी लेखे । प्रो-इण्डियन भनेको प्रो-अमेरिकन पनि हो । यसर्थ, पुष्पकमल दाहालले भारतीय सत्तासीनवर्गको स्वार्थ मुताविक काम गर्ने धेरै राजनीतिक विश्लेषकहरु तर्क गर्छन् । देउवा-प्रचण्डको भारतपरस्त गठबन्धनबाट झस्केको चीन आफ्नो प्रभाव बढाउन अझ सक्रिय भएको देखिन्छ । चिनियाँहरु राष्ट्रपति सि जिनपिङको नेपालमा भ्रमण गराएर यहाँको सरकार र राजनीतिक पार्टीप्रति प्रभाव बढाउन र भारत-अमेरिकाका विरुद्ध दबाब बढाउन कोशिस गरिरहेका छन् । त्यसैको तयारीस्वरुप चिनियाँहरुको एक टोलीले प्रधानमन्त्रीलगायत सरोकारवाला निकायसँग भेट गरी फर्केको छ । प्रधानमन्त्रीको विशेष दूतको रुपमा सरकारका उपप्रधानमन्त्रीद्वय विमलेन्द्र निधीको भारत भ्रमण र कृष्णबहादुर महराको चीन भ्रमणले सन्दर्भले पनि नेपाल छिमेकीको तानातान र चेपुवामा रहेको बुझ्न कठिन छैन । तर दाहाल नेतृत्वको सत्तारुढ गठबन्धनको डिजाइन दिल्लीमा बनेको हुनाले बेइजिङप्रति सरकार अनुदार र दिल्लीप्रति बफादार रहने धैरै राजनीतिक विश्लेषकहरुले तर्क गर्ने गरेका छन् । सरकारको यो रवैयाले नेपालको स्वतन्त्र राष्ट्रिय हैसियतमाथि गम्भीर प्रश्नहरु खडा गर्दछ । तसर्थ, राज्यले जहिले पनि छिमेकीसँग सन्तुलनकारी भूमिका खेल्न सक्नुपर्दछ ।

भारतीय शासकहरु नेपालसँगको सम्बन्धलाई 'विशेष सम्बन्ध' भन्छन् । नेपालका शासकहरु पनि भारतीयहरुकै भाषा सापटी लिएर भारतसँग सम्बन्ध विशेष सम्बन्ध नै हो । यसलाई चीन वा अन्य देशसँगको सम्बन्धसँग तुलना गर्न सकिन्न भन्ने तर्क गर्ने नेताहरु तथाकथित् बुद्धिजीविहरु पनि थुप्रै भेटिन्छन् । यही विशेष सम्बन्धका कारण नेपालको प्राकृतिक सम्पदा (जल, जंगल, जडिबुटी र जमिनसमेत)माथि भारतको एकाधीकार स्थापित गराउन नेपालका शासकहरुले विभिन्न कालखण्डमा भूमिका खेल्दै आएका छन् । र, खेलिरहेका छन् ।

शासकहरुमा रहेको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रले गर्दा नै नेपाल आज विदेशी स्वार्थ चलखेल गर्ने मैदान बनिरहेको हो । यो प्रवृत्तिका विरुद्ध स्वाभीमान नेपालीहरु उठ्न जरुरी छ । राष्ट्रियता र स्वाभिमानको पाठ शासकहरुले सप्तरीका तिलाठीका जनताबाट सिक्न सक्छन् । एउटाका विरुद्ध अर्को छिमेकीलाई प्रयोग गर्ने होइन, नेपालको हितलाई सर्वोपरि ठानी पञ्चशिलको आधारमा छिमेकीसँग समदुरीको सम्बन्ध राख्न जरुरी छ । विदेशीका दलाल होइन, स्वतन्त्र राष्ट्रिय हैसियत राख्न सक्ने राजनीति र नेताहरुको खाँचो छ, नेपालमा । अहिलेका शासकहरुले राष्ट्रको स्वतन्त्र हैसियतलाई कायम राख्न सकेका छैनन् । यसर्थ, हामीले भन्नैपर्छ- राष्ट्रको स्वतन्त्र हैसियतलाई कायम राख ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# सुधारवाद कि क्रान्ति ?



रामसिंह श्रीस

> अहिलेको लोकतान्त्रिक गणतन्त्र र नयाँ जनवादी गणतन्त्रमा के भिन्नता छ भने अहिलेकोमा पुँजीपति वर्गको नेतृत्वमा दलाल नोकरशाही पुँजीपति र सामन्ती वर्गको अधिनायकत्व हुन्छ, नयाँ जनवादी गणतन्त्रमा सर्वहारा वर्गको नेतृत्व र जनताको अधिनायकत्व हुन्छ । सर्वहारा वर्गको नेतृत्व र जनताको अधिनायकत्व भएको नयाँ जनवादी व्यवस्थाले मात्र आम शोषित पीडित नेपाली जनताको पक्षमा काम गर्न सक्छ ।

अहिले नेपालमा लोकतान्त्रिक गणतन्त्र (Democratic republic) आवश्यक कि जनगणतन्त्र (People's republic) आवश्यक भन्ने राजनीतिक विषयमा बहस, छलफल चलिरहेको छ । यसबाहेक अर्को पुँजीवादी गणतन्त्रको बाँकी कार्यभार पूरा गर्दै समाजवादी क्रान्तिको तयारीमा लाग्ने विचार पनि आइरहेको छ । यो विचारले लोकतान्त्रिक गणतन्त्रलाई पूर्णता दिने र जनगणतन्त्रलाई अस्वीकार गर्ने काम गर्दछ । त्यसकारण यो विचार मूलतः लोकतान्त्रिक गणतन्त्रको विचारसँगै मिल्ने विचार हो । त्यसकारण अहिलेको छलफलको प्रमुख विषय लोकतान्त्रिक गणतन्त्र र जनगणतन्त्र हो । कांग्रेस, एमाले, माओवादी केन्द्र, बाबुराम भट्टराईको नयाँ शक्ति लगायत पार्टीहरूले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई कार्यान्वयन गर्ने, संस्थागत गर्ने र त्यसमा सुधार गर्दै जानुपर्दछ भन्ने कुरामा जोड दिइरहेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) लगायत अन्य कतिपय राजनैतिक पार्टीहरूले विद्यमान लोकतान्त्रिक गणतन्त्र होइन, जनगणतन्त्र हुनुपर्छ भनिरहेका छन्, जसलाई नयाँ जनवादी गणतन्त्र भनिन्छ । सही मार्क्सवादी दृष्टिकोणबाट यी विषयहरूलाई हेर्न, बुझ्न सक्नुपर्दछ ।

लोकतान्त्रिक गणतन्त्र र नयाँ जनवादी गणतन्त्र आधारभूत रूपमै फरक विषय हुन् । यी विषयहरूमा सही दृष्टिकोण बनाएपछि मात्र हामीले नेपालको वस्तुस्थितिमा सही राजनैतिक कार्यदिशा तय गर्न सक्दछौं । नेपालीमा प्रजातन्त्र, लोकतन्त्र जे भनेपनि अंग्रेजीमा यसलाई Democracy भनिन्छ । नेपालमा अहिले गणतन्त्रको अगाडि लोकतान्त्रिक विशेषण राखेर लोकतान्त्रिक गणतन्त्र (Democratic republic) भनिएको छ । राजतन्त्र नभएका कतिपय गणतान्त्रिक देशहरूमा कुनै न कुनै प्रकारको तानाशाहहरू आएका हुनाले त्यस्तो नहोस् भनेर लोकतान्त्रिक गणतन्त्र शब्द प्रयोग गरिएको भनिन्छ । रूपमा हेर्दा यो ठिकै जस्तो लाग्छ तर वास्तविकता फरक छ । लोकतन्त्र कसका लागि भन्ने प्रश्न सबैभन्दा महत्वपूर्ण प्रश्न हो । हिजो राजाको निर्दलीय पञ्चायती शासनमा पनि लोकतन्त्रलाई प्रजातन्त्र भनेर निकै प्रचार गरिन्थ्यो । जसलाई पञ्चायती प्रजातन्त्र भनिन्थ्यो । त्यो प्रजातन्त्र अर्थात् लोकतन्त्र भनेको राजावादीहरूको लागि थियो । अन्य जनसमुदायलाई त्यो पञ्चायती व्यवस्था प्रजातान्त्रिक वा लोकतान्त्रिक व्यवस्था थिएन । त्यो त निरंकुश शासन थियो । ठीक त्यसैगरी २०४५/४६ को जनआन्दोलनपछि बनेको संविधानमा पनि संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्र भनेर उल्लेख गरिएको थियो । त्यो संविधानलाई संसारकै उत्कृष्ट संविधान भनियो । बहुदलीय प्रजातन्त्रको खुब प्रचार गरियो तर त्यो बहुदलीय प्रजातन्त्र पनि दलाल नोकरशाही पुँजीपति र सामन्तवर्गको लागि प्रजातन्त्र थियो । अन्य जनसमुदायको लागि तानाशाही व्यवस्था नै थियो । अब राजतन्त्रको अन्त्य भएर गणतन्त्र आएपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भनिएको छ । तर यो लोकतान्त्रिक गणतन्त्र पनि शोषक वर्गकै लागि हो । अहिलेको संविधानको प्रस्तावनामा "सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाको सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै" भनिएको छ । संविधानको प्रस्तावनाले समाजको विद्यमान सबै प्रकारको विभेदको अन्त्य गर्ने भनेन । त्यसले त सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेको सबै प्रकारको विभेद र उत्पीडन भन्यो । यसरी यस संविधानले दलाल तथा नोकरशाही पुँजीवादी शोषण र उत्पीडनलाई वैधानिकीकरण गरेको छ ।

अहिलेको संविधानको धारा ७४ मा - "नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली" भनिएको छ । यसरी संविधानले नै लोकतान्त्रिक गणतन्त्र भनेको संसदीय व्यवस्था हो भनेको छ । यो संसदीय व्यवस्था भनेको प्रतिक्रियावादी व्यवस्था नै हो । यसबाट आम शोषित उत्पीडित जनताको पक्षमा काम हुन सक्दैन । संसदीय व्यवस्थाको विषयमा लेनिनले आफ्नो प्रसिद्ध रचना **राज्य र क्रान्ति**मा भन्नुभएको छ - "मात्र संसदीय वैधानिक राजतन्त्रहरूमा होइन, अपितु सबभन्दा लोकतान्त्रिक गणतन्त्रमा समेत सत्तारुढ वर्गको कुनचाहीँ सदस्यले संसदमा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो ।" संसदीय व्यवस्थाको वास्तविक सार के हो भन्ने कुरा लेनिनको उपरोक्त भनाइले प्रष्ट पारेको छ । नेका, एमालेजस्ता राजनीतिक पार्टीहरूले पहिलेदेखि नै यही संसदीय व्यवस्थाको पक्षपोषण गर्दै आएका छन् । अब प्रचण्डले नेतृत्व गरेको माओवादी केन्द्रले पनि शब्दमा संसदीय व्यवस्थाको विरोध गरेजस्तो गरेर सारमा उही संसदीय व्यवस्थाको पक्षपोषण गरिरहेका छन् । पहिलो कुरा पुँजीवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्दै समाजवादी क्रान्तिको तयारीमा लाग्ने जुन नीति तय गरेका छन् त्यो नै सारमा संसदीय व्यवस्थाको समर्थन नै हो । पुँजीवादी क्रान्तिको मुख्य कार्यभार सम्पन्न भइसकेको बाँकी कार्यभार सुधारबाट सम्पन्न गर्ने उनीहरूको जुन नीति छ त्यसले उनीहरूलाई संसदीय व्यवस्थाको पक्षमा नै उभ्याएको छ । नेकपा (क्रान्तिकारी माओवादी) बाट बादलहरू बहिर्गमन भएर एमाओवादीमा विलय भएपछि त्यसको नाम नेकपा (माओवादी केन्द्र) राखिएको छ । नाम फेरिएपनि एमाओवादीको मूल नीतिमा कुनै अन्तर आएको छैन । त्यसकारण पूर्व एमाओवादीका नीतिहरू नै माओवादी केन्द्रको पनि नीति हो । तत्कालीन एमाओवादीको केन्द्रीय प्रकाशन विभागबाट प्रकाशित "**नेपालको संविधान र हाम्रो दृष्टिकोण**" भन्ने पुस्तिकामा भनिएको छ । संसदीय शासन व्यवस्था अपनाइनु गलत भएको छ । ... ... अतः हाम्रो देशलाई जनताद्वारा प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी प्रमुख हुने शासकीय स्वरूप आवश्यक छ ।" माओवादी केन्द्रले यहाँ एकातिर संसदीय व्यवस्थाको विरोध गरेजस्तो देखिन्छ तर त्यसको विकल्पमा "प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी प्रमुख हुने शासकीय स्वरूप" लाई अगाडि सारेको देखिन्छ । के प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी हुँदैमा त्यो संसदीय व्यवस्था हुँदैन ? अमेरिकालगायत कयौं पुँजीवादी देशहरूमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी हुने व्यवस्था छ । त्यो संसदीय व्यवस्था होइन ? यसरी माकेले संसदीय व्यवस्थाकै पक्षपोषण गरिरहेको छ ।

वर्गीय समाजमा लोकतन्त्र (Democracy) भन्ने कुरा निरपेक्ष रूपमा सबैका लागि समान हुँदैन । शोषक वर्गका लागि लोकतन्त्र हुँदा शोषित वर्गका लागि त्यो तानाशाही हुन्छ । शोषित वर्गको लागि लोकतन्त्र हुँदा त्यो शोषक वर्गको लागि तानाशाही हुन्छ । नेपालको अहिलेको लोकतान्त्रिक गणतन्त्र दलाल नोकरशाही पुँजीपति र सामन्तवर्गको हो । त्यसैले लोकतान्त्रिक गणतन्त्रको विकल्पमा जनगणतन्त्र नै नेपालका लागि आवश्यक हो । यो जनगणतन्त्रलाई हामीले नयाँ जनवादी गणतन्त्र भन्दछौं । अहिलेको लोकतान्त्रिक गणतन्त्र र नयाँ जनवादी गणतन्त्रमा के भिन्नता छ भने अहिलेकोमा पुँजीपति वर्गको नेतृत्वमा दलाल नोकरशाही पुँजीपति र सामन्ती वर्गको अधिनायकत्व हुन्छ, नयाँ जनवादी गणतन्त्रमा सर्वहारा वर्गको नेतृत्व र जनताको अधिनायकत्व हुन्छ । सर्वहारा वर्गको नेतृत्व र जनताको अधिनायकत्व भएको नयाँ जनवादी व्यवस्थाले मात्र आम शोषित पीडित नेपाली जनताको पक्षमा काम गर्न सक्छ । २००७ सालदेखि २०४६ साल, २०६३ सालमा जेजति राजनीतिक परिवर्तनहरू भए ती सबै घटनाक्रममा एउटा कुरा परिवर्तन भएन, त्यो हो शोषक वर्गको अधिनायकत्व । २००७ सालदेखि अहिलेसम्मको राजनीतक स्थितिमा आएका परिवर्तनहरूमा शोषक वर्गको अधिनायकत्वले नै निरन्तरता पायो । वास्तविक राजनीतिक सत्ता एउटा शोषक वर्गको हातबाट अर्को शोषक वर्गको हातमा गयो । वास्तविक राजनीतिक सत्ता नेपाली शोषित उत्पीडित जनताको हातमा आएन । त्यसै कारण नेपालमा श्रमिक वर्ग, मजदुर, किसान र अन्य उत्पीडित वर्ग समुदायको राजनीतिक आर्थिक अवस्थामा कुनै सुधार आएन । अब नेपालका तमाम शोषित उत्पीडित जनताको मुक्ति र राष्ट्रिय स्वाधिनताको लागि नयाँ जनवादी व्यवस्था नै ल्याउनुपर्दछ । त्यो नयाँ जनवादी व्यवस्था ल्याउने बाटो भनेको सुधारको बाटो होइन क्रान्तिकै बाटो हो । यो प्रतिक्रियावादी व्यवस्थामा आधारित लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, त्यसमा सुधार गर्ने काम पुँजीपति वर्गको हो अर्थात् शोषक वर्गको हो । हामी क्रान्तिकारीहरूको काम भनेको त यो प्रतिक्रियावादी संसदीय व्यवस्था जसलाई लोकतान्त्रिक व्यवस्था भनिएको छ, त्यसको भण्डाफोर र विरोध गर्दै अन्ततः यो प्रतिक्रियावादी व्यवस्थालाई ध्वंश गरी नयाँ जनवादी व्यवस्था स्थापना गर्ने हो ।

नयाँ जनवादी व्यवस्थाको स्थापना क्रान्तिबाट मात्र सम्भव छ । क्रान्ति सच्चा कम्युनिस्ट पार्टीको नेतृत्व र आम जनसमुदायको सहभागितामा मात्र सम्भव छ । त्यसैले एकातिर हामीले सही क्रान्तिकारी सिद्धान्त र व्यवहारले लैस अनुशासित, मिलिटेन्ट पार्टी निर्माणमा जोड दिनुपर्दछ भने अर्कातिर आम शोषित उत्पीडित जनसमुदायलाई क्रान्तिकारी सिद्धान्त, नीति र व्यवहारले प्रशिक्षत गर्दै क्रान्तिकारी गतिविधिमा सहभागी बनाउनु पर्दछ । क्रान्तिकारी पार्टीको वरिपरि आम शोषित पीडित जनसमुदायलाई गोलबन्द गर्दै प्रतिक्रियावादी सत्ताको विरोध, सबैखाले अवसरवादको व्यापक भण्डाफोर गर्ने कार्यलाई उत्साहका साथ अगाडि बढाउनु पर्दछ । शोषित पीडित नेपाली जनताको मुक्तिको लागि हामीसँग क्रान्तिबाहेक अर्को विकल्प छैन ।

जब सर्वहारा वर्गको नेतृत्वमा आम शोषित जनताहरू जाग्छन्, आफ्नो हक अधिकार प्राप्तिको लागि उनी अगाडि बढ्छन्, त्यतिबेला प्रतिक्रियावादी सत्ताले अनेक किसिमका षडयन्त्र गरेर जनताको आन्दोलनलाई समाप्त पार्ने प्रयत्न गर्दछ । आन्दोलनकारीका नेताहरूलाई अनेक प्रकारका प्रलोभन देखाएर किन्नेदेखि लिएर दमन गर्नेसम्मका सबै हत्कण्डाहरू प्रतिक्रियावादी सत्ताले अपनाउँछ । प्रतिक्रियावादी सत्ताका सबै षड्यन्त्रहरूलाई चकनाचुर पारेर जब आन्दोलन अगाडि बढ्दछ तब प्रतिक्रियावादी सत्ताले सारा शक्ति लगाएर दमनको नीति अपनाउँछ । आम जनसमुदायमाथि नरसंहार गर्छ । त्यसप्रकारको दमनको मुकाविला गर्दै क्रान्तिलाई विजयसम्म पुऱ्याउन अहिलेदेखि नै हामीले तयारी गर्दै जानुपर्दछ । आन्दोलनमाथि हुने सशस्त्र दमनलाई सशस्त्र विद्रोहले मात्र परास्त गर्नसक्छ । त्यसकारण क्रान्तिको लागि सशस्त्र विद्रोहको तयारीमै जुट्नु पार्टीको मुख्य काम हो ।

> **एकातिर हामीले सही क्रान्तिकारी सिद्धान्त र व्यवहारले लैस अनुशासित, मिलिटेन्ट पार्टी निर्माणमा जोड दिनुपर्दछ भने अर्कातिर आम शोषित उत्पीडित जनसमुदायलाई क्रान्तिकारी सिद्धान्त, नीति र व्यवहारले प्रशिक्षत गर्दै क्रान्तिकारी गतिविधिमा सहभागी बनाउनु पर्दछ ।**



# 'क्रान्तिकारी माओवादी' नै एक मात्र क्रान्तिकारी पार्टी हो ।

■ दिनेश शर्मा 'सागर', नेता, नेकपा (क्रान्तिकारी माओवादी)

**» *नेकपा (क्रान्तिकारी माओवादी) नेवाः राज्यभित्र पछिल्लो पार्टी विभाजनपछिको स्थितिबारे बताइदिनुस् न।***

नेकपा (क्रान्तिकारी माओवादी) मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक मार्गदर्शनका आधारमा खडा भएको नयाँ जनवाद, समाजवाद र साम्यवादको लक्ष्यमा पुग्ने दृढ अठोटका साथ अगाडि बढेको सर्वहारावर्गको एक मात्र क्रान्तिकारी पार्टी हो । यसकारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका वर्गदुश्मन तथा मार्क्सवादको खोल ओढेर सर्वहारावर्गलाई ठग्दै आएका सबै खाले संशोधनवादी तथा नवसंशोधनवादी गद्दारहरुका निमित्त ठूलो टाउको दुखाईको विषय थियो । जसले गर्दा विगतदेखि नै पार्टीभित्रका वैचारिक धरातल कमजोर भएका व्यक्तिहरुलाई आधार बनाएर पटक पटक दमन गर्ने, भ्रम छर्ने र विभाजन गर्ने काम गर्दै आएका थिए । पछिल्लो अवस्थामा बादलगुटले त्यही गरे । सर्वहारावर्गको हितलाई त्यागेर नवसंशोधनवादको पुच्छर समाउँदै पलायनको बाटो रोजे । पलायनवादी दुषित हावाले माथिल्लो तहमा केही सामान्य क्षति भने पुऱ्यायो तर मजदुर, सुकुम्बासी, क्रान्तिकारी बुद्धिजीवि, युवा, विध्यार्थी जगतमा भने धैरै ठूलो प्रभाव परेन । दुषित हावाबाट बचाउन हामीहरुले तत्काल पहल लियौं र बैठकहरु बस्यौं, जिम्मेवारी बाँडफाँड गऱ्यौं र संगठनलाई व्यवस्थित गर्दै लगेका छौं ।

**» *पार्टी विभाजनको वैचारिक, राजनीतिक र सांगठानिक प्रभाव कस्तो रह्यो ?***

क्रान्तिका पक्षधर हामी सबैले बुझ्नैपर्ने कुरा के हो भने वर्गीय समाजमा कुनै पनि क्रान्तिकारी पार्टीभित्र बुर्जुवा वर्गको प्रभाव परेकै हुन्छ। विचार, राजनीति र संगठनमा कुनै न कुनै तबरबाट बुर्जुवा प्रभाव पर्छ। सर्वहारावर्गका विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतिक्रियावादीको दमन, संशोधनवादीहरुले दिने भ्रम जस्ता कारणहरुले पार्टीभित्रका कमजोर वैचारिक धरातल भएका व्यक्तिहरु क्रान्तिकारी आशावाद होइन, निराशावादतिर ढल्किन पुग्छन्। वर्ग दुश्मन तथा संशोधनवादीहरुले त्यही मौका छोपेर व्यापक प्रचार गर्छन्, उनीहरुलाई उचाल्छन् र अन्ततः क्रान्तिकारी पार्टीबाट अलग गराउन बलियो वातावरण बनाउँछन् । ठीक यही अवस्थामा कमजोर व्यक्तिहरु, थाकेकाहरु, तत्कालीन अवसर कुरेर बसेकाहरु, क्रान्तिकारी विचार, आदर्श, सर्वहारावर्गप्रतिको प्रतिबद्धताजस्ता विषयबाट विचलित हुन पुग्छन् । अन्ततः वर्गदुश्मनका अगाडि घँडा टेक्छन् । विश्व सर्वहारावर्गीय आन्दोलनमा हामीले त्यही देख्दै आएका थियौं । कम्युनिष्ट पार्टीको स्थापना कालदेखिनै आन्दोलनभित्र त्यसप्रकारको प्रवृत्तिले पटक-पटक टाउको नउठाएको होइन । दशवर्षको जनयुद्धको क्रममा दशौं हजारको बलिदान, हजारौं हजार वेपत्ता र हजारौं योद्धाहरु घाइते भएर स्थापित भएको क्रान्ति तथा नेताहरु कसरी ढल्दा रहेछन् भन्ने पनि हामीले देख्यौं । बावुराम भट्टराई, प्रचण्ड हुँदै बादलसम्म आइपुग्दा कसरी सुधारवादको जामा पहिरिएर वर्गदुश्मनका अगाडि घुँडा टेक्छन् भन्ने कुरा छर्लङ्ग भएको छ ।

त्यसैले म त के देख्छु भने पछिल्लो अवधिमा क्रान्तिकारी माओवादी विभाजन भएको होइन, हाम्रो पार्टीमा रहेका बादल लगायत एकाध नेताहरुको एउटा झूण्ड वैचारिक, राजनीतिक तथा सांगठानिक रुपबाट पलायन भएका हुन् । त्यसमा पनि रोचक पक्ष के छ भने जब पार्टीले सशस्त्र विद्रोहको कार्यदिशालाई समृद्ध गरेर क्रान्तिलाई पूर्णता दिन आश्विनको पहिलो हप्ता राष्ट्रिय सम्मेलन गर्ने समय तोक्यो, त्यसपछि बादल समूह त्यसबाट आतंकित बने । सम्मेलन अगावै पार्टीबाट भाग्ने योजना बनाउन पुगे । अन्ततः पलायन भइछाडे । साम्राज्यवादी मिडियाहरु मार्फत् अतिरञ्जित तरिकाले प्रचारित भएता पनि ग्राउण्डको क्रान्तिकारी तप्कालाई खासै प्रभाव भने पार्न सकेनन् ।

**» *यस राज्यमा इन्चार्ज तथा सेक्रेटरीको जिम्मेवारी सम्हालेयता वर्गसंघर्ष र अन्तरसंघर्षका अनुभवहरु के कस्ता छन् ? बताइदिनुस् न।***

-दशवर्षको जनयुद्धको क्रममा ०५५-०५६ सालमा पनि उपत्यकामा कार्यवाहक इन्चार्ज भएर जिम्मेवारी मौका पाएको थिएँ। तात्कालीन अवस्थामा बाबुराम भट्टराईको सुधारवादी चिन्तनका विरुद्ध संघर्ष नै गरिन्थ्यो । तर त्यतिवेला वर्गसंघर्ष घनिभूत रुपमा अगाडि बढिरहेका कारण क्रान्तिकारी तप्का अत्यन्तै हावी थियो । जसले गर्दा सुधारवादी चिन्तनको प्रभाव अत्यन्तै कमजोर रहँदै आएको थियो ।

पछिल्लो समय खासगरी ०६८ को फाल्गनुबाट तात्कालीन क्रान्तिकारी विचार समूहको निर्णय अनुरुप म उपत्यकामा जिम्मेवारी लिएर आउँदा नवसंशोधनवादसँग चर्को र घनिभूत तवरबाट अन्तर्संघर्ष चलिरहेको थियो । अन्तरसंघर्षमा नेवा राज्यमा मैले विगतदेखि वर्तमानसम्म सँगालेको अनुभव कस्तो छ भने तल्लो तहमा जिम्मेवारी लिएका साथीहरुको ठूलो हिस्सामा क्रान्तिकारी विचार मजबुत रहेको छ। जसले गर्दा माथिबाट पटक-पटक सुधारवादको दूषित हावाका झोक्का चल्दा पनि त्यसलाई पचाएर क्रान्तिकारी विचारको रक्षा, वर्गसंघर्षको निरन्तरताका निमित्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यो अत्यन्तै महत्व प्रश्न हो ।

वर्गसंघर्षका दृष्टिले नेवाःराज्य देशको राजधानी भएका कारण वुर्जुवा राज्यसत्ताको पकड मजबुत भएका कारण कहिं न कहिंबाट बुर्जुवाहरुको नियन्त्रण रहन्छ । यति हुँदाहुँदै पनि नेपालमा अन्य देशहरुको तुलनामा क्रान्तिकारीहरुको बलियो उपस्थिति रहँदै आएको छ । जनयुद्धकै क्रममा समेत निकै राम्रा फौजी कारवाही भएका थिए भने शान्तिप्रक्रियामा आएपछि राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायतका विषयवस्तुलाई लिएर होस् या दोस्रो संविधानसभा निर्वाचन बहिष्कार कार्यक्रमसफल बनाउने क्रममा होस् निकै उत्साहजनक तबरबाट कार्यान्वयन भएका थिए ।

**» *पुरानो राज्यसत्ताको केन्द्र रहेकोले पनि यस राज्यमा हुने र गरिने गतिविधिले निर्णायक प्रभाव र महत्व राख्ने गरेको छ, यस राज्यमा अपेक्षाकृत क्रान्तिकारी पार्टी निर्माण हुन नसक्नुको कारण के हो ?***

राजधानी भएका कारण यहाँ बसोबास गर्ने व्यक्तिहरुको एउटा हिस्सा र्गीय हिसाबले सर्वहारावर्ग विरोधी छ । तर त्यो सानो हिस्सा छ । ठूलो हिस्सा पुँजीपति भएर पनि दलाल पुँजीपति वर्गबाट पीडित छ। मजदुर, सुकुम्बासी, साना-साना व्यापार, व्यवसायीहरुको ठूलो हिस्सा परिवर्तनको पक्षमा छ । मध्यम वर्गको एउटा तप्का परिवर्तन त चाहन्छ तर आफ्नो केही नगुमाइकन । यो तप्का अलि अवसरवादी प्रकारको छ । शक्ति हेरेर आफ्नो सहभागिता जनाउँछ । त्यसैले क्रान्तिकारी पार्टीमा यतिबेला मजदुर, सुकुम्बासी, साना-साना व्यापार-व्यावसायीमा आवद्ध व्यक्तिहरु नै संगठित हुन्छन् र भइराखेका छन् । संघर्षले उत्कर्ष लिंदै गएपछि ठूलो हिस्सा क्रान्तिमा आउँछ । संगठित रुपमा खारिएर अगाडि बढ्ने तप्का हमेसा सानै हुन्छ। पहल र प्रयत्न भने गर्दै जानु पर्दछ।

**» *जनयुद्ध सुरुगर्दा देखिकै केन्द्रीय नेताको हैसियत र जम्मेवारीबाट हेर्दा जनयुद्धका आँधिमय दशवर्ष र शान्तिप्रक्रियाका वर्षहरुलाई कसरी लिनुभएको छ ?***

दशवर्षको जनयुद्धले तयार गरेका लक्ष्यहरु निकै महान थिए । किनकि, प्रतिक्रियावादी वर्गको वर्गसत्तालाइै जरैदेखि ध्वस्त बनाएर सर्वहारावर्गको नयाँ जनवादी सत्ता स्थापनाको माध्यमबाट समाजवाद, साम्यवादजस्तो उच्च प्रकारको वैज्ञानिक राज्यसत्तामा पुग्ने लक्ष्यहरु थिए । जसले गर्दा आफ्नो वर्गको मुक्तिकामी दशौं हजार होनाहार महान योद्धाहरुले हाँसी हाँसी आफ्नो जीवनको बलिदान गरे । हजारौं योद्धाहरु बेपत्ता अवस्थामा छन् र हजारौं घाइते अवस्थामा छन् । त्याग, वीरता, र बलिदानका यति धैरै कीर्तिमान खडा गर्दा कसैलाई पनि न त आत्मग्लानी भयो न त कुनै पश्चाताप । बरु सबैले गौरव नै गरेका छन् ।

तर जब पार्टी शान्तिपूर्ण अवस्थामा आयो र त्यही पार्टीका एकाध नेतादेखि कार्यकर्तासम्मले आफ्नो वर्ग पक्षधरता, विचार, आदर्श सबैलाई गुमाएर व्यक्तिगत फाइदाका निमित्त वर्गदुश्मनका अगाडि घुँडा टेक्दै गए, तबभ ने इमान्दार नेता, कार्यकर्तादेखि सहिद परिवार, वेपत्ता परिवार र घाइते योद्धाहरुमा एउटा आक्रोस छ। क्रान्तिप्रति आफ्नो वर्गप्रति गद्दारी गर्नेहरुलाई देखेर घृणा पैदा भएको पाउछु। क्रान्ति र आफ्नो वर्गप्रति गद्दारी गर्नेहरुप्रतिको घृणा र आक्रोसलाई संगठित गर्दै वैचारिक स्तरको विकास गरेर क्रान्तिमा बदल्नु पर्छ भन्ने लाग्छ। क्रान्तिका आँधीमय दशवर्ष र शान्तिपूर्ण प्रक्रियाका दिनहरुलाई यसरी नै हेरेको छु। वस्तुगत अवस्थाका दृष्टिले क्रान्ति नजिकिदै गएको छ। यो नै सकारात्मक कुरा हो।

**» *प्रतिक्रान्तिलाई रोक्ने उपायहरुको खोजी गर्दा गर्दै क्रान्तिमा प्रतिक्रान्ति हावी हुन पुग्नु पछाडिका कारणहरु के के देख्नुहुन्छ ?***

वर्गीय समाजमा वर्गहरुको प्रतिबिम्ब पार्टीमा परेकै हुन्छ । किनकि, पार्टीका नेता, कार्यकर्ता भनेको समाजबाटै आएका हुन् । मुख्य त नेताहरुको टिम त्यसमा पनि मुख्य रुपमा आन्दोलनको नेतृत्व गरिरहेको व्यक्तिमा देखिने राम्रो पक्ष र नराम्रो पक्षले निकै ठूलो प्रभाव पार्छ। त्यसैले प्रतिक्रान्तिलाई रोक्ने भनेको परिवर्तनका पक्षधर जनता, इमान्दार कार्यकर्ता र नेताहरुको चनाखोपनाले प्रतिक्रान्तिलाई रोक्ने हो । जनता, कार्यकर्ता र नेताहरुको टिममा बुझाइको एकरुपता र विषयवस्तुको महत्वलाई सुक्ष्म तवरबाट बुझ्ने, तत्काल त्यसलाई सच्याउन प्रयत्न गर्ने र यदि नसच्चिएको खण्डमा सर्वहारावर्गका विरुद्ध हुन सक्ने खतरालाई मध्यनजर गरेर पहलकदमी लिने कुरामा हर हमेशा चनाखो हुनुपर्छ । तत्काल त्यसो हुन नसक्दा प्रतिक्रान्ति हावी हुन पुग्छ । विश्व सर्वहारा वर्गीय क्रान्तिमा र हाम्रो नेपाली क्रान्तिमा पनि भएको त्यही हो ।

**» *कम्युनिष्ट पार्टीमा बारम्बार देखापर्ने टुट,फूट, विभाजनले नेता, कार्यकर्ता र जनतामा निरासा बढाएको देखिन्छ, त्यसलाई आशा र उत्साहमा कसरी बदल्न सकिन्छ ?***

कम्युनिष्ट पार्टीमा फूट एउटा त वैचारिक कारणले हुन्छ, अर्को नेताहरुमा पैदा महत्वाकांक्षाका कारणले हुन्छ। तर हामी कहाँ मुख्य त क्रान्तिकारी पार्टीभित्रको टुट, फूट र विभाजन वैचारिक कारणले हुँदै आएको छ । सामान्य रुपबाट हेर्दा टुट, फूट र विभाजन राम्रो पक्ष होइन । यसरी सामान्य रुपमा मात्रै हेऱ्यो भने त्यसले निरासा मात्रै जन्माउँछ। मुख्य प्रश्न त्यो होइन । किनभने, युगौंदेखि राज्यसत्ताको हालीमुहाली चलाएर बसेको पुँजीवादी बुर्जुवासत्ताको जरा उखालेर सर्वहारावर्गका हातमा सत्ता ल्याउने भन्ने कुरा त्यति सजिलो विषय होइन । त्यसैले यो चुनौती पूर्ण कार्यको सामना गर्न वैचारिक, राजनैतिक रुपमा अत्यन्तै परिपक्व नेतृत्वले मात्र साहस गर्न सक्छ । जुनसुकै प्रकारका चुनौती भएपनि ऊ विचलित हुँदैन । त्यसैले क्रान्ति एउटा तहमा विकसित हुँदै गर्दा जसरी धोकाधडी भयो र पार्टीभित्र टुट, फुट र विभाजन भए । त्यसबाट विचलित होइन, निरासा होइन बरु उच्च मनोवलका साथ गलत चिन्तन, प्रवृत्ति र व्यवहारका विरुद्ध लड्न पर्दछ । क्रान्तिकारीहरुको पहिचान त्यतिबेला सक्रियतापूर्वक कार्यमा जुट्नु पर्छ। जब क्रमशः आन्दोलन बढ्दै जान्छ, जनताको निराशा हट्दै गएर आन्दोलनमा केन्द्रित बन्दै जान्छन् । त्यसबाट केही पनि निरासा हुनु हुँदैन।

**» *नेकपा (क्रान्तिकारी माओवादी)ले अब क्रान्ति गर्न लायक पार्टी कसरी निर्माण गर्दैछ ?***

वैचारिक रुपमा परिपक्व, राजनीतिक रुपमा स्पष्ट, सांगठानिक रुपमा चुस्त, सर्वहारावर्गप्रति प्रतिबद्ध, नेतादेखि कार्यकर्तासम्मको बुझाइमा एकरुपता भएको पार्टी बनाउन सकियो भने त्यस्तो पार्टीले क्रान्ति गर्न सक्छ। त्यसका लागि सबैमा त्याग, वीरता र बलिदानी भावनाको विकास गर्न आवश्यक छ। पार्टीलाई जनतामा फर्काउनु पर्दछ । विग्रेको कार्यशैलीलाई बदल्नु पर्दछ। सोलोडोलो माओवादी एउटै हो भनेर हेर्ने जनताको मानसिकतालाई बदल्न आवश्यक छ। यति गरेको खण्डमा पार्टी वास्तवमा क्रान्ति गर्न लायक बन्छ। यसका निमित्त केही समय अत्यन्तै मेहनतका साथ काम गर्नुपर्दछ।

**» *माओवादी केन्द्र र विप्लव माओवादीभन्दा क्रान्तिकारी माओवादीप्रति जनताले भरोसा(विश्वास) गर्नुपर्ने कारणहरुबारे प्रष्ट्याइदिनुस् न।***

पहिलो कुरा माओवादी केन्द्रले मार्क्सवाद-लेनिनवाद-माओवाद भन्दै गरेको भएता पनि उ मालेमावादका मार्गदर्शक सिद्धान्तबाट विचलित भइसकेको छ । दोस्रो, हाम्रोजस्तो देशमा यतिवेला क्रान्तिको चरण भनेको नयाँ जनवादी क्रान्तिको चरण हो। माकेले त्यसलाई छाडिसकेको छ । तेस्रो, वर्गसंघर्षलाई छाडेर वर्गसमन्वयतिर गइसकेको छ । चौथो, आमूल परिवर्तनका निमित्त सशस्त्र संघर्षको अनिवार्यतालाई उसले छाडिसकेको छ। पाँचौं, त्याग, वीरता र बलिदान होइन, जसरी हुन्छ कमाउ धन्दामा लागिसकेको छ। छैठौं, आमूल परिवर्तनको बाटो छोडेर सुधारवादी बाटोमा हिडेको छ। यसर्थ, माओवादी केन्द्र भनेको नयाँ कलेवरमा देखापरेको संशोधनवादी पार्टी हो । उत्पीडित वर्ग, जाति, मधेसी, महिला, दलित, मुस्लीम, किसान, मजदुरलगायत सबैले त्यहाँबाट आफ्नो मुक्ति हुन्छ कि भनेर आशा गर्नु भनेको आफूले आफैलाई ढाँट्नु र धोका दिनु मात्र हो।


जहाँसम्म विप्लव माओवादीको कुरा छ, उसको पनि राजनीतिक कार्यदिशा नै गलत छ। किनकि, एकीकृत क्रान्तिको कार्यदिशा भनेर सर्वहारावर्ग र मध्यमवर्गलाई घालमेल पारिएको छ । मध्यम वर्गले सर्वहारावर्गको क्रान्तिको नेतृत्व गर्दैन । दोस्रो, उसँग फौजी कार्यदिशा नै छैन। उसले दीर्घकालीन जनयुद्ध र सशस्त्र विद्रोहलाई घालमेल पारेको छ । दीर्घकालीन जनयुद्ध कि सशस्त्र विद्रोह ? कुन प्रधान हो ? सत्ता कसरी प्राप्त गर्ने ? स्पष्ट छैन। तेस्रो, उसको नारा छ- सत्ता साझेदारीको। बुर्जुवा वर्गसँग सत्ता साझेदारी गर्नका निमित्त क्रान्ति ? त्यो कस्तो क्रान्ति हो ? त्यो कुन वर्गको सत्ता हो ? चौथो, अहिलेको स्थिति नयाँ जनवादी क्रान्तिको चरण हो कि समाजवादी क्रान्तिको ? यसमा विप्लव माओवादी अलमल र ढुलमुल देखिन्छ।

यी सबै कारणहरुले गर्दा हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) एक मात्र क्रान्तिकारी पार्टी हो । यसले लिएको कार्यदिशा, नीति, योजना र कार्यक्रम प्रष्ट छ। त्यसकारण आमूल परिवर्तनकारी क्रान्तिको नेतृत्व गर्ने भनेको यसैले हो । कतिपय व्यक्तिमा, जनतामा क्षणिक भ्रम परेता पनि अन्ततः स्पष्ट हुँदै जानेछ। र, जनताले अवश्यक विश्वास गर्नेछन्।

**» *अन्तमा, जनवादी क्रान्तिका पक्षधर अन्य पार्टीहरुसँग एकता वा ध्रुवीकरणको सम्भावना कस्तो देख्नुहुन्छ ?***

तत्काल एकताको सम्भावना कसैसँग पनि छैन । तत्काल मिल्ने विषयहरुलाई लिएर कार्यगत एकता वा संयुक्त संघर्षका लागि सँगै लैजान सकिन्छ । त्यसका निमित्त हाम्रो पार्टी खुल्ला नै छ। ध्रुवीकरणको प्रक्रिया भने सँधै नै भइरहन्छ। यतिवेला तात्कालीन मुद्दालाई लिएर कार्यगत एकता र क्रान्तिकारी ध्रुवीकरण नै ठीक हो भन्ने लाग्छ।

# स्थानीय तहको पुनर्संरचना : प्रशासकीय सीमाना व्यवस्थापन


सीताराम तामाङ

नेपाल सरकारले नयाँ संविधानको धारा २९५(३) बमोजिम गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि भनेर "स्थानीय निकायको संख्या तथा सीमा निर्धारण आयोग" गठन गरेको थियो । त्यो आयोगलाई सरकारले गाउँपालिका नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाको निर्धारण गर्न एउटा कार्य निर्देशन (टिओआर) पनि तोकेको थियो -

» स्थानीय तहको सीमा निर्धारण गर्दा प्रदेश र जिल्लाको सीमा नटुक्र्याउने ।
» विद्यमान गाविस र नगरपालिकालाई गाभ्दा वडा तहसमेत नटुक्र्याउने ।
» गाउँ पालिकाहरूमा वडा ५-२१ सम्म र न.पा.मा वडा ९-३५ सम्म हुनुपर्ने ।
» जनताले पाउने सेवा सुविधाको पहुँच अहिलेको भन्दा सहज हुनुपर्ने ।
» हिमाल पहाड, तराई र भित्री मधेसका लागि फरक-फरक मापदण्ड लिनुपर्ने ।
» विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरुको पहिचान स्थानीय तहका इकाईभित्रै पार्नुपर्ने ।

माथिको कार्यनिर्देशनको आधारमा (२७ साउन २०७३ मा) आयोगले स्थानीय तहको संख्या ५६५ तोकेको छ । तर अचम्मको कुरा यो आयोगको निर्माण र त्यसले दिएको प्रतिवेदनको विरोधी नेकपा (क्रान्तिकारी माओवादी), मधेसी जनता र जनजाति अभियन्ताहरुले मात्र नगरेर खुदै माओवादी केन्द्र र ने.का.ले समेत गरेका छन् । तसर्थ यो विषय अहिलेको चर्चाको विषय बनेको छ र हामी यो विषयमा चर्चा गर्नेछौं ।

### राज्य पुनर्संरचनालाई गलत दिशामा लगेको परिणाम

नेकपा (क्रान्तिकारी माओवादी) ले नेपालको राज्य पुनर्संरचनाको कुरा गर्दा "आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित, जातीय क्षेत्रीय स्वायत्तता तथा उत्पीडित जातीय पहिचानसहितको संघीयता" मा जोड दिएको छ । नेपालको अन्तरिम संविधान (२०६३)ले समेत हाम्रो पार्टीको मान्यतालाई आत्मसात नै गरेको देखिन्छ । त्यसमा भनिएको छ - (क) वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र संघीय शासन प्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिनेछ । (ख) मधेसी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । प्रदेशहरु स्वायत्त र अधिकारसमान हुनेछन् । .... स्वायत्त प्रदेशहरुको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशहरुका सूचिहरुको पूर्ण विवरण साधनस्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ । (ग) राज्यको पुनर्संरचना र संघीय शासनप्रणालीको स्वरुप सम्बन्धी विषयको. अन्तिम टुङ्गो संविधानसभाले गर्नेछ । राज्यको पुनर्संरचना र संघीय शासनप्रणालीको टुङ्गो लगाउन दुइओटा आयोग बनाएको र ती आयोगहरुले प्रतिवेदनसमेत बुझाइसकेको स्थिति थियो । तर त्यो संविधानसभालाई संविधान नै नबनाई भंग गरियो । भंग गरिनुका मुख्य कारणहरुमध्य एक थियो पहिचान, प्रतिनिधित्व र पहुँचसहितको संघीयताको विरोधीहरुको (नेतृत्वहरु) वर्चश्व हुनु । संविधानसभा-२ ले बनाएको संविधान (२०७२) त्यो धर्म निर्वाह गरेको छ । सामान्यतः संघीय संरचनामा संघ (केन्द्र) र प्रदेश (राज्य) का बीच अधिकार बाँडफाँड गरिन्छ र स्थानीय तह प्रदेश (राज्य) अन्तर्गत हुने गर्दछ । तर यो संविधानले राज्यको संरचना, संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको बनाएको छ । र अधिकारका हिसाबले प्रदेशलाई सामान्य प्रशासनिक निकायको रुपमा राखेको छ । तसर्थ अहिलेको ७ प्रदेशको सीमा संविधानसभाबाट निर्धारण गरिएको होइन र ती स्वायत्त प्रदेशहरु पनि होइनन् । पञ्चायतले बनाएको क्षेत्र, गाविस/नविसलाई वैज्ञानिक आधार मानेर ७ प्रदेश बनाइएको र उक्त ७ प्रदेशभित्र स्थानीय तहको सीमा निर्धारण गर्दा प्रदेश र जिल्लाको सीमा टुक्र्याउन नपाइने तथा विद्यमान स्थानीय निकायहरुलाई गाभ्दा वडा तहसम्म टुक्र्याउन नपाइने आयोगलाई कार्यनिर्देशअनुसार स्थानीय निकायहरु जोडेर ५६५ संख्याको नयाँ स्थानीय निकाय दर बनाइएको छ । जुन सिद्धान्त र व्यवहारिक दुवै हिसाबले गलत छ ।

### राज्य पुनर्संरचना पहिचान, प्रतिनिधित्व र पहुँचका लागि

हाम्रो पार्टीले (क) आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित जातीय क्षेत्रीय स्वायत्तता, (ख) उत्पीडित जातीय पहिचानसहितको संघीयता (ग) पूर्ण समानुपातिक प्रतिनिधित्व (घ) राज्यका सबै अङ्ग र तहमा पहुँच र (ङ) स्वायत्तताभित्र स्वायत्त आदि सिद्धान्त र नीतिका आधारमा राज्य पुनर्संरचना गरिनुपर्दछ भन्ने जोडदार माग गर्दै आएको छ । राज्यले मधेसी, आदिवासी, जनजाति र अन्य उत्पीडित समुदायहरुसँग जातीय क्षेत्रीय स्वायत्तता तथा उत्पीडित जातीय पहिचानको आधारमा संघीय संरचना, सीमांकन र नामांकन गर्ने सहमति र सम्झौताहरु गरेको थियो । अहिले राज्य पक्षले बनाएको ७ प्रदेशको सिमांकन हेर्दा र स्थानीय सीमा निर्धारण आयोगलाई दिएको काम निर्देशानुसार बनाइएको स्थानीय निकायको सीमांकन हेर्दा कस्तो देखिन्छ भने आन्तरिक संविधानको भावना मधेसी तथा जनजातिहरुसँगको सम्झौताको मर्मलाई हठपूर्वक कुल्चने काम गरिएको छ ।

भूगोल, जनसंख्या, आर्थिक विकास, क्षमता, प्रशासनिक पहुँच आदिका आधारमा नगर/गाउँ पालिकाहरु बन्नुपर्नेमा जनसंख्यालाई मुख्य आधार मानेर हिजो नगरपालिका बनाउँदा त्यसको उपयोगितामा नै प्रश्न उठेको थियो । आज तीनभन्दा बेसी गाविसहरु मिलेर गाउँपालिका बनाउँदा त्यसको उपयोगितामा पनि प्रश्न उठेको छ । के यसबाट जनताले पाउने सेवा सुविधाको पहुँच अहिलेको भन्दा सहज हुन्छ ? हुँदैन भने त्यस्तो संरचना र सीमांकन किन गरिएको हो ?

राज्यले अयोगलाई विशेष, संरक्षित र स्वायत्त क्षेत्रहरुको पहिचान र स्थानीय तहमा इकाईभित्रै पार्नुपर्ने कार्यनिर्देश गरिएको छ । सामाजिक आर्थिक विकासको हिसाबले पछि परेका विपन्न र दुर्गम स्थानीय तहलाई विशेष, अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृत जाति, समुदाय र सांस्कृतिक क्षेत्रलाई संरक्षित र एउटै जाति भाषा र संस्कृति भएको समुदायको सघन बसोबास भएको क्षेत्रलाई स्वायत्त क्षेत्र बनाउनुपर्ने हुन्छ । जस्तो कि चेपाङ बस्तीहरु मकवानपुर, धादिङ, तनहुँ र गोरखा जिल्लासँग जोडिएका गाविसहरु रहेका छन् । अरु पनि त्यस्ता उदाहरण दिन सकिन्छ । प्रदेश, जिल्ला र गाउँ नगरपालिकाको विद्यमान सिमाना नभत्काइकन कसरी विशेष संरक्षित र स्वायत्त क्षेत्र बनाउन सकिन्छ ?

### उपसंहार

राज्यको पुनर्संरचना गरिनु भनेको जनताको सेवा प्राप्तिमा पहुँच सहज होस् भन्ने हो । त्यसका लागि अहिलेको आयोगले गरेको सिमांकन प्रक्रिया सिद्धान्त र प्रक्रियाका हिसाबले नै अवैज्ञानिक छ । जनताको सहज पहुँच छैन र विशेष संरक्षित तथा स्वायत्त क्षेत्रको अवधारणामाथि नै मुक्का बर्साएको छ । माओवादी केन्द्र र नेकासमेतले यसलाई विरोध गरेको छ । हाम्रो पार्टीले राज्य पुनर्संरचनाको वैज्ञानिक र व्यवहारिक सीमांकनको पक्षमा संघर्ष गर्दै आएको छ तर यो स्थानीय आयोगले गरेको स्थानीय निकायको सीमांकनको विरोध गर्दछ ।

## वैचारिक विचलन ...

पश्चाताप गरेजस्तै प्रचण्डले गरेको देखिन्छ । सैद्धान्तिक, वैचारिक र राजनीतिक रुपमा स्खलित भएको नेकपा (माके) र यसको नेतृत्वले भारतीय विस्तारवाद र साम्राज्यवादसामु नतमस्तक मात्रै नभई आन्तरिक गोप्य सम्झौता समेत गरेको छ । नेपाली मुक्तिकामी जनताप्रति धोका दिई वर्गीय आत्मसमर्पण गर्ने तत्व घृणायोग्य छ ।

सर्वहारावर्गको महान् संघर्षलाई लत्याई देशीविदेशी प्रतिक्रियावादी तत्वसँगको सम्पर्क, सहकार्य र सम्मिलनबाट पुष्पकमल दाहाल आफैमा अविश्वासिलो र जनविरोधी बन्न पुगेका छन् । कांग्रेसको गठबन्धन र सहकार्यले उनलाई महत्वपूर्ण, सबल र विशिष्ट बनाउँदैन, बरु वर्गअन्तरविरोध लत्याई कम्युनिष्ट आदर्शबाट च्यूत दक्षिणपन्थी नवसंशोधनवादीकै रुपमा उभ्याउँछ । सत्ताको ऐस आरामका निम्ति वैचारिक स्खलनको सहारामा पुष्पकमल दाहाल नयाँ सिंढी उक्लिरहेका छन् । सत्ता कसको निम्ति, कसरी हाँसिल गरिएको छ भन्ने कुराले उनको चरित्र र सत्ताको प्रवृत्तिको निर्धारण हुन्छ भने कांग्रेसको सहयोगमा बनाइएको सरकारले नेपाली जनताका निम्ति केही पनि गर्न नसक्ने जगजाहेर छ । यसले गर्न चाहि के सक्छ भने आउँदा दिनमा नेपाल राष्ट्रका बहुमूल्य सम्पदा सँधैका निम्ति भारतलाई बुझाई नेपाली जनता र राष्ट्रलाई लामो समयसम्म पराधीन बनाइराख्ने कुरामा सफल हुन सक्छ ।

सबैभन्दा दुःखद् चिन्ताको विषय भनेको नेपाल राष्ट्रमाथि विदेशीको प्रभुत्व कायम हुनु हो । यसलाई अझ सुदृढ गर्ने राजनीतिक शक्ति अहिले संसदवादी नै अगाडि उभिएका छन् । आफूलाई सर्वहारा र कम्युनिष्ट भन्ने नेकपा (माके)को यथास्थितिवादी चिन्तन र वर्गविचलनयुक्त दृष्टिकोण सबभन्दा खतरा हुन पुगेको छ । भारतलाई रिझाउने र यहाँका नदीनाला सुम्पने कामलाई नै माकेका दाहालले निरन्तरता दिने संकेत मिलेको छ । सांस्कृतिक र वैचारिक रुपमा पतन भएका दाहाल र तिनका पछुवाहरु आफैमा वर्गघाती एवम् राष्ट्रघाती बन्दै जानु दुःखद् कुरा हो । अहिले उनीहरुले दिएका अभिव्यक्ति र भनाइहरुले मुलुकभित्र फेरि पनि सम्झौताहीन द्वन्द्व/संघर्षको माग गर्दछ । राष्ट्रियताको मूल्यलाई कमजोर पारी दलालीकरण, शोषण, उत्पीडन एवम् राष्ट्रिय आत्मसमर्पणवादलाई बढाउने र विस्तारवाद र साम्राज्यवादलाई सघाउने कुनै पनि कार्य क्रान्तिकारी एवम् संघर्षशिल नेपाली जनतालाई सह्य हुँदैन । नेपाली जनता सात दशकदेखि भीषण संघर्ष गर्दै आएका छन् र तिनका सपना, उद्देश्य र आकांक्षाप्रति गरिने कुनै पनि किसिमका आक्रमणलाई निस्तेज बनाउने साहस राख्दछन् । क्रान्तिलाई अगाडि बढाउने जनतान्त्रिकहरु र तिनलाई समर्थन गर्ने क्रान्तिकारी जनसमूहहरु विस्तारवाद र साम्राज्यवाद पोषित/परस्त तत्वका विरुद्धको संघर्ष अगाडि बढ्दै पनि गइरहेको छ । अहिले देखिएको सत्ता समीकरण कुनै नयाँ समीकरण नभई पुरानै यथास्थितिवादी समीकरणका रुपमा रहेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाललाई लिई आन्दोलन हुनुपर्दछ र त्यसको नेतृत्व परिवर्तनकारी क्रान्तिकारी शक्तिले गर्नुपर्छ भन्ने आवाज पनि बढ्दै गएको छ ।

देशमा हिजोका पश्चगामी शक्तिहरु चल्बलाउन थालेका छन् र आफूलाई परिवर्तनकारी मान्ने कथित शक्तिहरु तिनीहरुसँगै साँठगाँठ गरी मुलुकमा भ्रम पनि छर्दै गएका छन् । जनताको वास्तविक सत्ता प्राप्त नहुँदासम्म यथास्थितिवादी र संसदवादी शक्तिहरुले जनतामाथि प्रत्यक्ष र अप्रत्यक्षरुपमा अन्याय, शोषण, उत्पीडन बढाउँछ भन्ने तथ्य सुविदित छ । राजनीतिक तिकडम र षड्यन्त्र गरी जनतामाथि शासन गरेपनि अन्ततः यिनको बर्बादी र अन्त्य सुनिश्चित छ । दाहाल र यिनको मण्डलीको बुर्जुवाकरण एवम् बसर्मीपनाले क्रान्तिकारी आन्दोलनलाई धक्का दिएता पनि क्रान्तिको वास्तविक उत्तराधिकारी नेतृत्व परिवर्तन र मुक्तिको संघर्षमा अगाडि उभिएको छ ।

नेपालमाथि भारतीय विस्तारवादको नियन्त्रणलाई च्यात्न र देशभित्रका अनेक नामधारी राजनीतिक पार्टीका जनद्वेषी एवम् राष्ट्रविरोधी सत्ताचिन्तनलाई चिरा चिरा पार्न राष्ट्रियता, जनतन्त्र र जनजीविकाप्रति प्रतिबद्ध शक्ति एकताबद्ध भई संघर्षमा लाग्नु जरुरी भइसकेको छ ।

◆ झर्रोटर्रो    कैलुब्राह

## सिनो लुछ्ने झगडा

सरकारमा सहभागी समुह 'क' दलको छलफल दलको कार्यालय शाषकदरबामा बस्यो । एनजीओ आइएनजीओहरूका गोष्ठी सेमिनारमा सहभागी हुने तर संसद बैठकमा अनुपस्थित हुनेहरू सबै फ्ाराफ्ार आफ्नो दलको बैठकमा भने पहिला नै पुगे । मुखिया कहिले आउँछन् र मेरो नाम लिन्छन् भनेर मुख मिठ्याउँदै र आँखा नझिम्क्याई मुल ढोकातिर हेरर बसे । सांसद नभए पनि दलका गोडादुएक लाउकेहरुलाई आमन्त्रित रूपमा बोलाइएको थियो । उनीहरूलाई मुखियाले आफ्नो सपोर्टमा बोलाएका थिए । नयाँ जोगीहरूलाई भने बोलाइएको थिएन । यसो किन गरिएको भन्ने प्रश्नको जवाफमा लाउडिस्पिकर कन्याकुमारीले 'यो नित्तान्त आफ्नो पूर्व गुटको मात्र सरोकारको विषय भएकाले आफैभित्रको झगडामा झन् घ्यु थपेर आगो दन्काउन किन बोलाउने भनेर पहिलादेखि नै बोलाउने गरिएको छैन' भनेर जवाफ दिइन् ।

मुखिया आफ्ना दलबललाई बाहिर राखेर अमिलो अमिलो मुख लाउँदै बैठकहलमा प्रवेश गरे । सबै जुरुक्क उठेर मुट्ठी कसेर अभिवादन गरे । उछिनपाछिन गर्दै मुखियाको आँखामा आँखा जुधाउन टाउको तन्काए । मुखियाले दायाँबायाँ कतै नहेरेर सरासर आफ्नो कुर्चिमा गएर गजधम्म परेर बसे ।

बैठक सुरु भयो । सरकारका उपमुखियाले केहीबेर भूमिका बाँध्दै विषयमा केन्द्रित भए । पहिला हामीले नियम बनाऔं त्यसमा तपाइँहरूको राय केके छन् त भनेर प्रश्न गरे । र, पालै पालो दर्ज्यानी चिन्ह अनुसार बोल्न भने ।

फ्रेन्चकट जुरुक्क उठे र भने- 'यसमा मेरो सुझाव दुईवटा छन् । पहिलो, अनुभवी, साहसी, क्षमतावान, तुरुन्ता तुरुन्तै ओठे जवाफ पनि दिन सक्ने, विगतको लडाइँमा पनि साहसपूर्वक लडेको, अर्थतन्त्रको व्यवस्था पनि राम्रोसँग गर्न सक्ने व्यक्ति छान्नु पर्छ । दोस्रो, त्यस्ता व्यक्तिलाई गाँठ पनि प्रसस्त भएको र रैतिहरूलाई पनि आफ्नो वरिपरि घुमाउन सकिने मन्त्रालय दिइनु पर्छ ।'

अर्को उठ्यो र थप्यो- 'हो हो अनुभवीहरूलाई छुटाउनु हुँदैन । आलाकाँचाहरूलाई पठाउँदा हाम्रो लक्ष्य पूरा हुँदैन । दोस्रो, माथिल्लो दर्जाकालाई पठाउनु पर्छ । धेरै तलकालाई पठायो भने विदेशीले हेप्छन् ।'

तेस्रो बोल्यो- 'सँधै एउटैले मात्र हसुरेको हसुन्यै गर्न पाइन्न । हामी पनि धुलीमाटी खेलेर ह्याँसम्म आएका हैनौँ । हाम्रो पनि योगदान छ । हाम्रो पालो कैले आउने हो ?'

चौथोले भन्यो- 'हो हो । हामीले पाउनु पर्छ । के ठूलाबडाहरूको मात्र विर्ता हो र यो ?'

तेत्तीस पर्सेन्टवाला सामूहिक रूपमा कराए- 'हामीलाई सँधै हेप्ने ? खोई तेत्तीस पर्सेन्ट छुट्याएको ? हामी छोड्दै छोड्दैनौँ ।'

मधेश उठ्यो- 'मधेशको सम्बोधन गर्नु पर्दैन ? सँधै पाहाडिया अहङ्कारवाद मूर्दावाद ।'

जनजातिले मुट्ठी कस्यो- 'यो बाहुन क्षेत्रीको मात्र राज हामी मान्दैनौँ । हाम्रो प्रतिशत सुरक्षित हुन पर्छ ।'

पहिलोले जोड गऱ्यो- 'समय थोरै छ । हाम्रो भाग पनि थोरै छ । अनेकथरी भाग नलगाऔं । मैले भने अनुसार गरौँ ।'

अर्को उठ्यो - 'हुँदैन हुँदैन, म त जान पाउनै पर्छ ।'

'मैले पाउनु पर्छ । नत्र म भण्डाफोर गर्छु ।'

'मैले किन नपाउने ?'

'आलाकाँचालाई पठाउन हुन्न ।'

'मुख समालेर बोल्नुस् है, को छ ह्याँ आलाकाँचा ? हामी लडेको हैन हिज युद्धमा ?' धड्याम्म । टेबल ठोक्यो एउटाले ।

'आधा आकाशलाई- चाहिन्छ चाहिन्छ ।' 'दलित जनजाति - जिन्दावाद, बाहुनक्षेत्रीवाद मूर्दावाद ।' नारा घन्कियो ।

'शान्त हुनुस् साथीहरू ! तपाइँहरूको कुरा बुझियो । सबैलाई मिलाएर लगिन्छ । मलाई सहयोग गर्नुस् । म असफल हुनु भनेको दल नै असफल हुनु हो ।' मुखिया बोले 'यो निर्णय हेडक्वार्टर कमिटीले टुङ्ग्याउँछ ।' बैठक सकियो । सबै रातोपिरो हुँदै कोही क्यान्टिनतिर भरे, कोही घरतिर लागे । कोही नेताहरूको पछि लखरलखर दगुरे ।

अर्को दिन हेडक्वार्टर कमिटीको बैठक बस्यो । मुखियाले कुरा सुरू गरे- 'लौ भनौँ साथीहरू हिजको कुरा सुनिहाल्नु भो । के छ तपाइँहरूको कुरा ?'

काजीले भने- 'मेरा मान्छे छुट्नु हुँदैन । मुखिया, उपमुखिया दोहोरिन हुन्च भने अरूलाई मिल्देन भन्ने कुरा त्यति मनासिव होइन भन्ने लाग्च ।'

उप मुखियाले भने- 'सबैलाई मिलाएर लैजाऔं ।'

नयाँ जोगीहरू ट्वाल्ल परेर हेरेको हेऱ्यै भए ।

अर्कोले चिप्लो घस्दै प्रस्ताव गऱ्यो- 'यो जिम्मा सुप्रिमोलाई दिऊँ ।'

हुन्च हुन्च । सबैले सहमती जनाए । बैठक अनिर्णीत भयो ।

... ...

सरकारमा सहभागी समुह 'ख' को बैठक बस्यो । सुरूमै बरिष्ठ उठे- 'खास गरेर साठी चालीसका हिसावले भाग लाउनु पर्छ । त्यसपछि आआफ्नै गुटबाट छानौला ।'

तेस्रो गुटका प्रमुखले भने- 'हामीले दक्षिणतिरको कुरा पनि सुन्नु पर्च । उनीहरू हाम्रा असल मित्र हुन् । उनीहरूको कुरालाई इग्नोर गऱ्यौँ भने आगामी दिनमा हामीलाई अप्ठ्यारो पर्न सक्छ भन्ने मलाई लाग्च ।'

युवाहरूले पाखुरा सुर्के- 'जतातते नेताहरूले हस्तक्षप गर्न पाइन्न । अरूलाई पनि विकास गर्ने अवसर दिनु पर्छ । ह्याँ भित्र पनि चुनावी आधारमा प्रतिष्पर्धा गरौँ । हामी प्रजातन्त्रमा विश्वास गर्ने दलले यसबाट पछि हट्नु हुँदैन ।'

डेउडापति बोले- 'ककसको कुरा सुन्ने भनेर भन्नलाई । जम्मा तेरजना पठाउने हो, दुईजना गैसके । अब काँ सबैलाई पुऱ्याउन सकिन्च भनेको, हत्तेरिका । कस्तो कुरा नबुझ्या साथीहरूले । दल त एउटै हो नि । काँबाट साठी चालिसको भागबण्डा लाउने भनेको । के कुरो हो यो ?'

बरिष्ठ कड्किए- 'खास गरेर हिँज तपाइँले नै यही नीति लागू गर्नु पर्च भनेर माग गऱ्या हैन ? ऐले फेरी आफूले त्यही कुरालाई

... बाँकी ५ पेजमा

# () sf]sf{Z9]uf M Sof:6«f] / lSjg

केशरमणि कटुवाल

सन् २०१६ को पहिलो ८ महिनाभित्र विश्वका दुई शक्तिशाली र चर्चित नेताले आफ्नो ९० औं जन्मदिन अर्थात ९ दशकको यात्राको कोशेढुंगा पार गरेका छन् । ती दुई नेताको पृष्ठभूमी भने आकाश र जमिनको फरक छ । यसरी आफ्नो ९० औं जन्मोत्सव मनाउने नेता हुन्, बेलायती महारानी एलिजावेथ द्वितीय र क्युवाली कम्युनिष्ट नेता फिडेल क्यास्ट्रो ।

बेलायती महारानी एलिजावेथ आफ्नो पुर्ख्यौली राजसिंहासनमा बसेकी हुन् भने क्युवाली नेता क्यास्ट्रो एक सामान्य उखु किसानको परिवारमा जन्मिएर अमेरिकाको नाकै मुनी विशाल साम्राज्यलाई चुनौती दिएर बसेका क्रान्तिकारी नेता हुन् ।

फिडेल क्यास्ट्रोको जन्म सन् १९२६ अगस्ट १३ तारिखमा क्युवाको बिरानमा एक सामान्य किसान परिवारमा भएको हो । उनका पुर्खा स्पेनबाट बसाई सरेर क्युवा पुगेका हुन् । उनले हाइटीका उखु किसानमाथि भएको शोषण देखेपछि उनमा सर्वहारावर्गका निम्ति संघर्षमा उत्रने चेतना पैदा भयो र उनी वैधानिक र अवैधानिक दुवै किसिमबाट संघर्षमा उत्रने निष्कर्षमा पुगे । यही क्रान्तिकारी चेतना भएका क्यास्ट्रोले क्युवालाई सन् १९५९ देखि सन् १९७६ सम्म प्रधानमन्त्रीको रुपमा र सन् १९७६ देखि २००८ सम्म राष्ट्रपतिको रुपमा नेतृत्व प्रदान गरे । राजनीतिक रुपमा मार्क्सवादी-लेनिनवादी तथा क्युवान राष्ट्रवादी उनले सन् १९६१ देखि २०११ सम्म पार्टीको नेतृत्व गरे । हाल उनी आफ्ना भाई राहुल क्यास्ट्रोलाई सत्ता हस्तान्तरण गरेर आराम गरिरहेका छन् । स्वास्थ्य समस्याका कारण उनले सत्ता भाईलाई सुम्पेका हुन् । उनको समय क्युवामा एक दलीय व्यवस्था थियो र सबै उद्योग र व्यवसाय राष्ट्रियकरण गरिएको थियो भने राज्यलाई समाजवादी व्यवस्थातर्फ उन्मुख गराइएको थियो ।

यता, बेलायती महारानी एलिजावेथ द्वितीय २१ अप्रिल सने १९२६ मा जन्मिएकी हुन् । उनी समकालीन विश्वमा शक्तिशाली राष्ट्रप्रमुख हुन् । उनले आफ्नो शिक्षा बर्मिङ्घम दरबारमा नै लिएकी हुन् । उनका बाबु जर्ज पाँचौं सन् १९३७ मा बेलायती राजा भएका थिए । दोस्रो विश्वयुद्धका समयमा उनले महत्वपूर्ण भूमिका निभाएकी थिइन् । उनले १९४७ नोभेम्बरमा प्रिन्स फिलिपसँग विवाह गरिन् । उनका पहिलो सन्तानको रुपमा सन् १९४८ मा युवराज चार्ल्सको जन्म भयो ।

फिडेल क्यास्ट्रो सन् १९४४ मा आफ्नो विद्यालयस्तरको पढाई पुरा गरे । उनी त्यसबेला अनुशासित विद्यार्थीको रुपमा पुरस्कृत समेत भए । त्यसपछि उनी कानुन अध्ययनका लागि हवाना विश्वविद्यालय भर्ना भए । सन् १९४० को



दशकमा क्युवामा भइरहेको आक्रामक विद्यार्थी राजनीतिकै क्रममा उनी विद्यार्थी राजनीतिमा स्थापित हुन पुगे । सन् १९४७ मा एक भाषणका क्रममा उनले भने, 'देशको अर्थतन्त्र केही सीमित विदेशीको हातमा छ, युवाहरुले कहिल्यै आत्मसमर्पण गर्न सक्दैनौं ।' त्यसबेलासम्म उनी क्युवामा चर्चाको केन्द्रमा आइसकेका थिए । सन् १९५२ मा उनले आफ्ना भाई राहुललाई समेत साथमा लिएर क्रान्तिको सुरुवात गरे । यसै क्रममा उनीहरु जेल परे र करिब दुई वर्षपछि देश निकाला भएर मेक्सिकोमा निर्भासित जीवन विताउन थाले । यसै क्रममा उनीहरुको क्रान्तिकारी नेता चे ग्वेभारासँग भेट भयो । सन् १९५६ मा क्यास्ट्रो दाजुभाई र चे ग्वेभारा क्रान्तिलाई पुनः अगाडि बढाउनका लागि क्युवा फर्किए । अन्ततः सन् १९५९ मा उनीहरुले गुरिल्ला युद्धमार्फत राष्ट्रपति फुल्गेन्सियो बाटिस्टालाई हराएर क्रान्तिको झण्डा फहराउन सफल भए ।

यता, बेलायतमा पनि एलिजावेथ द्वितीया सन् १९५० को दशकमा सत्तामा आइन् । सन् १९५२ मा उनका बाबुको निधनपछि बेलायती राजकाजको जिम्मा उनमा आयो । २ जुन १९५३ मा उनको शुभराज्याभिषेक सम्पन्न भयो ।

फिडेल क्यास्ट्रो सन् १९५९ मा सत्तामा आएपनि उनको चुनौती कम भएन । एकातिर क्युवालाई अग्रगतिको बाटोमा हिंडाउनु र अर्कोतर्फ भर्खरै पराजित अमेरिका समर्थकले उनलाई सत्ताबाट हटाउने कोशिस गरिनै रहे ।



सन् १९६१ मा उनालाई सत्ताबाट हटाउने कोशिस अनुसार आक्रमण भयो । यसक्रममा हजारौंलाई कैद गरियो भने क्युवाको सम्बन्ध सोभियत युनियनसँग मजबुत बन्यो । सन् १९७६ मा उनी क्युवाको राष्ट्रपति बने भने अंगोला, इथियोपिया र यमनको कम्युनिष्ट आन्दोलनलाई समर्थन गरेर पश्चिमा शक्तिलाई दबाबमा राख्न सफल भए । तर, आर्थिक कठिनाईका कारण हजारौं क्युवालीहरुले देशभित्र शरणार्थी बन्नुपर्ने अवस्था आयो र दूतावासहरुमा शरणार्थीका लागि कोशिस गरे । त्यसबाट हताश भएका क्यास्ट्रोले शरणार्थी बन्न र देश छाड्न चाहनेहरुका लागि उत्तरी बन्दरगाह खोले ।

सन् १९९० को दशकमा सोभियत युनियनको विघटनपछि क्युबाको अर्थतन्त्र फेरि एक पटक अराजकतामा फस्यो । क्युवाले करिब ६ बिलियन डलर बराबरको सहायता गुमाउन पुग्यो । क्युबाका फ्याक्ट्री र कृषि अपांग (प्यारालाइसिस) जस्ता बन्न पुगे । सन् १९८८ मा उनले पोप जोन पाउल द्वितीयसँग भेट गरे । उनले क्युबाको सुधारको पक्षमा छलफल गरेका थिए । यो नै पोपले गरेको पहिलो क्युवा भ्रमण थियो ।

सन् १९६० को दशकमा बेलायती महारानी एलिजावेथ द्वितीयाले दुई जना प्रधानमन्त्रीलाई स्वागत गरिन् । उनकै कार्यकालमा बेलायतले पहिलो महिला प्रधानमन्त्रीको रुपमा मार्गरेट थ्याचरलाई पायो । सन् १९७९ मा उत्तरी आयरल्यान्डमा बढ्दो तनावकाबीच उनका काकाका छोरा लर्ड लुईस माउन्टबेटनको एक डुंगामा गराइएको बम बिस्फोटमा मृत्यु भयो । एलिजावेथ दम्पत्तिले सन् १९८६ मा चीन भ्रमण गरे ।त्यसअघि कुनैपनि बेलायती राजपरिवारले चीनको भ्रमण गरेका थिएनन् । उनले चीनको द ग्रेट वालको यात्रा गरिन् । सन् १९९७ मा युवराज चार्ल्सकी पत्नी राजकुमारी डायनाको कार दुर्घटनामा निधन भयो । युवराज चार्ल्सले सन् २००३ मा क्यामेलिया पार्करसँग दोस्रो विवाह गरे । महारानी एलिजावेथ उनीहरुलाई आर्शिवाद दिन उपस्थित भइन् तर नागरिक सम्मान समारोहमा गइनन् ।

सन् २००६ मा कमजोर स्वास्थ्य समस्याका कारण फिडेल क्यास्ट्रोले सत्ता भाईलाई हस्तान्तरण गरे । अहिले पनि बेलायती महारानी राजपाठमा नै छिन् । क्यास्ट्रो एउटा सामान्य घरमा आफ्नो जीवन बिताइरहेका छन् । उनका हरेक क्रियाकलापले विश्व राजनीतिमा नयाँ नयाँ तरंग ल्याइ नै रहयो । गतवर्ष मात्रै अमेरिकी राष्ट्रपति बाराक ओबामाको भ्रमणलाई लिएर उनले आफूलाई अमेरिकाप्रति विश्वास नै नभएको बताए । उनको यो भनाईले विश्वकै सञ्चारमाध्यममा स्थान पायो । यसअर्थमा उनी सामान्य किसान परिवारमा जन्मिएर क्युवाका कम्युनिष्ट राजनीति स्थापित गरेर सामान्य नै जीवन बिताइरहेका छन् । तर, आज पनि उनको व्यक्तित्वसँग नतमस्तक हुनेहरुको कमी छैन । हालैमात्र बेलालायतले ईयूबाट बहिर्गमनको निर्णयसँगै दोस्रो महिला प्रधानमन्त्री पाएको छ ।

दुवै नेताको जीवनकालमा दुई फरक प्रकारका संघर्ष चलि नै रहे । महारानी एलिजाबेथ आफ्नो वर्गको निम्ति महान नै हुन् भने क्यास्ट्रो आम सर्वहारा वर्गका प्रतिनिधि र प्रेरणाका पात्र पनि । हालैमात्र दुवै नेताले आफ्नो जन्मको ९० औं वर्ष पुरा गरेका छन् । क्यास्ट्रोले सामान्य रुपमा आफ्नो जन्मदिन मनाए भने महारानी एलिजाबेथले भव्य रुपमा जन्मदिन मनाईन् । उनको जन्मदिन मनाउन हजारौं सर्वसाधारण भेला भए र रमाइलो गर्दै उत्सव मनाए ।

एउटा सामान्य किसान परिवारमा जन्मिएर सिंगो क्युवालीको सर्वमान्य नेता बन्ने जुन कष्ट क्यास्ट्रोले उठाए, यसैबाट उनी आम सर्वहारा वर्गको मन मस्तिष्कमा बस्न सफल भए । राष्ट्रपतिबाट बिदा भइसकेपछि पनि उनले हाल सामान्य घरमा जीवन बिताइरहेका छन् । यसले कुनै पनि क्रान्तिकारीको सपनामा भोग बिलास र ऐसआरामको स्थान हुन्न भन्ने पुष्टि गरेको छ । क्युवाली जनताको मुक्ति, शोषित र उत्पीडित किसानको पक्षमा जीवनभरको संघर्ष, प्रधानमन्त्री र राष्ट्रपति बनेपन सर्वहारा वर्गको आन्दोलनमा निरन्तरता र पश्चिमा साम्राज्यवादविरुद्ध निरन्तर लडाई अनी सत्ताबाहिर पुग्दा पनि सामान्य जीवनयापन नै क्यास्ट्रोको पहिचान बनेको छ ।

## सिनो लुछ्ने … …

नमान्न पाइन्च ? साठी चालिस त लाउनै पर्छ ।'

एउटा उठ्यो र कड्कियो- 'यो सबै क्षेत्रमा भागबण्डा लाउने कुरा गलत छ । विद्यार्थीको चुनाव हुन सकिराख्या छैन । ह्याँ पनि त्यस्तै गर्ने हो भने म आमरण अनसन बस्छु ।'

'ठिक हो, म पनि बस्छु अनसन ।' अर्कोले थप्यो । 'सान्दाजु, जेपी, केपी सबैले राणा विरुद्ध सत्याग्रह गरेको इतिहास छ । ह्याँ पनि नयाँ राणासावहरू जन्मने हो भने हामी सार्वजनिक रूपमै सत्याग्रहको आन्दोलन थाल्छौं ।'

'धड्याम्म' । टेबल ठोक्यो एउटाले ।

के खोजेको ? कुर्चि उठायो अर्काले । अर्कोले धकेल्यो ।

'किन हात हालेको' अर्काले कमिज समात्यो ।

'हामीले पनि चुनावमा करोडौं खर्च गऱ्याछौं, त्यो उठाउनु परेन ? मैले पालो पाउनु पर्छ ।' अर्को बोल्यो ।

'मैले पनि पार्टीलाई लाखौं खर्च दिएर समानुपातिकमा परेको हुँ । मेरो पैसा उठाउनु छ । मैले पाउनु पर्छ पालो ।'

'चुप लाग्नुस् न भन्या । झगडा नगर्नुस् । ककसलाई पठाउने भन्ने कुरा मेरो हातको कुरा हो, भनेर भन्नलाई । पैला विद्यार्थीको चुनाउ सकम त्यसपछि मिलाम्ला । उठौं ऐले ।' डेउडापतिले कुरोको बिट मारे । सबै मुरमुरिँदै उठे ।

२७ साउन २०७३

kailubraha73@gmail.com

# संसारकै लामो भोक हड्तालको अन्त्य

संसारकै लामो भोक हड्ताल अन्त्य भएको छ । भारतकी अधिकारवादी कार्यकर्ता इरोम चानु शर्मिलाले सन् २००० को नोभेम्बर ४ देखि सशस्त्र बल बिशेषाधिकार ऐन १९५८ विरुद्ध सुरु गरेको भोक हड्ताल ९ अगस्टमा अन्त्य गर्दै आगामी वर्ष हुने मणिपुर विधानसभाको निर्वाचन लड्ने घोषणा गरेकी हुन् ।

१४ मार्च १९७२ मा जन्मिएकी भारतको मणिपुरकी मानवअधिकारवादी कार्यकर्ता र कवयत्री इरोम चानु शर्मिला २ नोभेम्बरमा मणिपुरको राजधानी इम्फालमा आसाम राइफल्सका जवानको गोली प्रहारबाट निर्दोष १० जना सर्वसाधारण ज्यान गएपछि आमरण अनसन सुरु गरेकी थिइन् ।

सन् १९५८ देखि पूर्वी राज्यहरु अरुणाञ्चल, मेघालय, मणिपुर, असाम, नागाल्याण्ड, मिजोरम र त्रिपुरामा तथा सन् १९९० देखि जम्मु कास्मिरमा सशस्त्र बललाई दिइएको बिशेषाधिकारअनुसार सुरक्षा बलले कुनैपनि व्यक्तिलाई गोली हानेर हत्या गर्न र बिना वारेन्ट पक्राउ गर्न सक्दथ्यो । सोही कानुनको विरोधमा शर्मिलाले 'जस्ट पिस फाउण्डेसन' नामक गैरसरकारी संगठनमार्फत भोक हड्ताल सुरु गरेकी थिइन् । भारतमा आइरन लेडीको नामले पनि चिनिने उनलाई भोकहड्ताल सुरु गरेको तेस्रो दिनमा नै सरकारले पक्राउ गरेको थियो ।

यो गिरफ्तारी एक वर्षभन्दा बढी नहुने भएका कारण उनलाई हरेक वर्ष रिहा गर्दै पक्राउ गर्दै गर्ने गरिन्थ्यो । उनलाई नाकमा लगाइएको पाइपमार्फत भ्होल खानेकुरा खाना दिएर पोरोपटको सरकारी अस्पतालको एक कोठामा अस्थाई जेल बनाएर राखिएको थियो । भोक हड्ताल सुरु गर्दा २८ वर्षकी शर्मिला हाल ४४ वर्षकी भइसकेकी छन् । उनको असशनका क्रममा सबैभन्दा लामो समयसम्मको भोक हड्ताल र



सबैभन्दा बढी जेलबाट रिहा हुने दुई वटा रेकर्ड समेत बनेका छन् ।

सन् २०१४ को अन्तर्राष्ट्रिय महिला दिवसका दिन उनलाई वुमल आइकन अफ इण्डियाको उपाधी दिइएको थियो । उनले १ हजार शब्दमा 'बर्थ' शीर्षकको कविता लेखेकी छन् । यो कविता 'आइरन इरोम टु जर्नी-व्होयर द एबनर्मल इज नर्मल' नामको किताबमा छापिएको छ । सन् २०१४ मा आम आद्मी पार्टीका तत्कालीन नेता प्रशान्त भुषणले उनलाई मणिपुरबाट लोकसभा निर्वाचनमा लड्न आग्रह गरेपनि उनले अस्वीकार गरेकी थिइन् ।

शर्मिलाले भोक हड्ताल अन्त्य गरेपनि अझै पनि आफ्ना माग पुरा नभएको भन्दै संघर्ष नयाँ स्वरुपमा जारी नै रहने बताएकी छन् । उनले अब मणिपुर विधान सभामापनि एक स्वतन्त्र प्रत्यासीका रुपमा चुनावमा भाग लिने बताएकी छन् । सशस्त्र बल विशेषाधिकार ऐन (आफ्सपा) का कारण सुरक्षा फौजले बिना वारेन्ट कसैलाई पनि पक्राउ गर्न र कुनै परिस्थितिमा गोली हानी हत्या समेत गर्न सक्छ । यो कानुन भारतका केही राज्यहरुमा लागु छ । त्यसमा मणिपुर र जम्मु कास्मिर पनि हुन् ।

इरोम शर्मिलाका बारेमा नजिकै रहेर कलम चलाएकी पत्रकार चित्रा अहेनन्थम भन्छिन्, 'म अस्पतालमा पुगेको समयमा सधैं दिदीलाई तपाईले के खानु भयो, भनेर सोध्न पाउँ जस्तो लाग्थ्यो ।'

उनी मणिपुरको राजधानी इम्फालको अस्पताल (जवाहरलाल नेहरु इन्स्टिट्युट अफ मेडिकल साइन्सेज) नै उनको १६ वर्षदेखि अनशनमा बसेकी हुन् । उनको वास्तविक घर भने त्यहाँबाट एक किलोमिटर टाढा पर्दछ । जहाँ उनका आमा, भाई र परिवारका अन्य सदस्य तथा नातेदार बस्ने गर्छन । इरोमकी आमा र परिवारका सदस्यको दैनिक आवतजावत गर्ने बाटो नै सोही अस्पतालको सामुन्ने पर्छ । उनले १६ वर्षसम्म कुनै पनि स्वाद लिइनन् र ब्रस गर्दा पनि पानीको प्रयोग गरिनन् । उनले भोक हड्ताल सुरु गरेको तीन/चार वर्षदेखिमात्रै उनी चर्चामा आउन थालेकी हुन् ।

उनलाई पछिल्ला १६ वर्षमा धेरै कम मात्रै मान्छेहरुले भेट्ने मौका पाए । उनलाई जतिले भेटे उनीहरुसँग इरोमको एउटै भनाई रहन्थ्यो कि म सन्त र देवी दुवै बन्न खोजेको होइन । उनलाई भेट्ने मध्येकी एक पत्रकार चित्राले भनेकी छन्, 'कमलो मन भएकी, वचनमा पक्का र कहिले काँही थोरै जिद्दी हुने महिला ।'

यस्ती कठोर महिलाले गत महिना मात्रै अदालत बाहिर आएर भोक हड्ताल अन्त्य गरेर राजनीतिमा आउने र विवाह पनि गर्ने बताएपछि सबै एक पटक उनीसँग चकित भए । उनले किन अचानक यस्तो निर्णय गरिन् भनेर प्रश्न गर्नेहरु अहिले धेरै छन् । तर, यसको उत्तर इरोम शर्मिलासँग मात्रै छ । उनले १५ वर्ष, ९ महिना ४ दिन भोक हड्ताल गरेकी हुन् ।

# युरेसियाका कथाको सिफारिस पत्र

प्रगतिवादी कथाकार इस्मालीले हिन्दी र अंग्रेजीबाट अनुवाद गर्नुभएका युरोप र एशियाका कथाहरुलाई युरेसियाका कथा कथासङ्ग्रहका रुपमा शिखा बुक्सले भर्खरै बजारमा ल्याएको छ । यो उत्कृष्ट कथाहरुको संकलन हो । म जस्तो आख्यानप्रति अल्छी पाठकले पढ्नु भनेको पक्कै युरेसियाका कथाको सफलता नै हो । युरेसियाका कथामा जापान, रुस, चिन, वंगलादेश, भारत, श्रीलंका, पाकिस्तान, इरान, फ्रान्स र वेलायतका १९ जना २० औं शताब्दीका चर्चित आख्यानकारहरुका एक एक वटा कथा संग्रहीत छन् । ति कथाहरुको मौलिकता र परिवेशअनुसार नेपाली नेताहरुलाई पढ्न सिफारिस गर्नु उत्तम हुने देखिन्छ । नागरिकको मताधिकार, पार्टीको राजनीतिक संगठनात्मक सिद्धान्तलाई समेत वेवास्ता गर्ने नेताहरुबाट यो पाठकीय सिफारिसको पनि वेवास्ता हुनेछ अपितु केही कथाहरु नेताहरुलाई अफलाइन शेयर गरेको छु ।



राजबहादुर कुँवर

## सिमेन्टको बोरा प्रचण्डले पढून



यो सिमेन्ट कारखानाका मजदुरहरु हृदयविदारक जापानी कथा हो । एउटा मजदुर ढुंगासँगै क्लिन्कर हुँदै सिमेन्टमा मात्र फेरिदैन, बोरा सिलाउने प्रेमिकाको हृदयलाई सम्वेदित र झंकृत गर्छ । प्रेमिकाले सिमेन्टको प्रयोग हुने ठाउँसम्म पुगोस् भनी एउटा प्रेमीको हाड, मासु र रगतबाट निर्मित सिमेन्ट कुन ठाउँमा प्रयोग हुन्छ होला ? त्यो प्रेमी कति सिमेन्टमा फेरियो होला ? औधोगिक दुनियाँमा नाकभित्रको सिमेन्ट पनि सफा गर्न नसकिरहेको, एउटा उर्वराभूमिझैं सन्तानहरु जन्माइरहेको गरिव मजदुर योजोको हृदयलाई चिठीले जरैदेखि हल्लाइदिन्छ ।

सिमेन्टमा मजदुर पिधिएको कथा प्रचण्डले किन पढून भने उनले युद्ध उद्योगमा हज्जारौं योद्धाहरुलाई बारुदमा पिधिएको सम्झना गर्न सकून र जंगलहरुमा, मोर्चाहरुमा हतार हतार गाडिएका योद्धाहरुबाट कति माटो मलिलो भयो ? कल्पना गरुन् र आफूलाई योद्धाहरुप्रति समर्पित् गरुन् । रक्सी खाएर चाहीँ नमातून् ।

## महंगो सजाय बाबुरामले पढून



यो लियो टल्सटायकृत मोनाकोको कथा हो । राज्य संचालनकर्ताहरुका लागि नीतिपरक कथा । एउटा अपराधीलाई मृत्युदण्ड, आजिवान कारावास हुँदै उन्मुक्ति राज्यको आम्दानीबाट गर्नुपर्दाको हिसावकिताव छ । राज्य नै जुवाघर चलाएर बस्छ, त्यो मुलुकमा मृत्युदण्ड दिनसम्म आफ्नै कुनै हतियार र सेना छैन । मृत्युदण्ड कार्यान्वयन गर्न जति महंगो थियो, त्योभन्दा आजीवन कारावास महंगो छ । त्यो आजीवन कारावास पनि राज्यका लागि महंगो परेपछि बन्दी भागोस भन्ने चाहनाले गार्ड राखिदैन । आखिर बन्दीलाई बर्बाद र विगारेवापत राज्यले पेन्सन दिन बाध्य हुन्छ । वन्दीको जीवनमा नै परिवर्तन हुन्छ ।

बाबुराम नयाँ शक्तिको संघर्षमा छन् । उनको नयाँ शक्तिका लागि यो कथा सुत्र हुन सक्छ । बाबुरामराज्यमा कोही पनि मृत्युदण्ड दिने सेना हुने छैन र मृत्युदण्ड, आजीवन कारावासजस्ता सजायका लागि करौडौं खर्च गरिरहेको राज्य हुने छैन ।

## जुलुस मोहन बैद्यले पढून



यो जुलुस विद्रोही मजदुरहरुको रुसी कथा हो । सुनको गद्दी होइन सहिदको कथा चाहने मजदुरको कथा हो । मजदुरहरुको ताकतका सामुन्ने संगीनहरु झुक्छन् र संगीनधारी सिपाहीहरु पनि जुलुसमा सहभागी हुन्छन् । तोपहरु मौन हुन्छन् ।

नेपालका नागरिकहरुको विद्रोहको गायन मोहन बैद्यले गरिरहेका छन् । अपितु सेनाहरुले संगीनहरु फालेर जुलुसमा सहभागी हुने सहिदीकथा रचना नगरी त्यो विद्रोहको इतिहास रचनाभने हुने छैन ।


## देशद्रोहीकी आमा विद्या भण्डारीले पढून



देशद्रोहीकी आमा म्याक्सीम गोर्कीको सुन्दर कथा हो । यो कथाले रोम धुलिसात पारेर आफ्नो नाम चम्काउने एलरिकझैं शिखरमा पुग्न मानिसहरुको लासको कथा रचिरहेको सेनापति देशद्रोही छोरोविरुद्ध आमाको साहासको बयान गर्दछ । आमा जीवन, नगर र सिर्जनाका पक्षमा उभिन्छिन् र सेनापति छोरो नगर कब्जा गर्न जीवनविरुद्ध, मानिसविरुद्ध र सिर्जनाविरुद्ध उभिन्छ । त्यही सेनापति छोरोलाई वृद्ध आमाले आफ्नो राज्यका लागि, नगरका लागि र मानिसहरुका निम्ति छुरी धसेर मारिदिन्छिन् ।

विद्या भण्डारीले यो किन पढ्नु जरुरी छ भने साँच्चिकै देशका लागि घात कसले गरिरहेको छ भन्ने थाहा पाउने राष्टपतिको कुर्चिमा हुनुहुन्छ । कतै विद्याभण्डारीमा पनि देशद्रोही छोराहरुको मुटुमा छुरी हान्ने साहास निस्किन्थ्यो कि ?

## पारपाचुके रामबहादुर थापाले पढून



यो लुसुनकृत चिनिया कथा हो । आइ गूको विवाह, पठ्ठो पशुको अर्की युवतिसँगको सम्बन्ध र आइगुमाथिका झूठा आरोपहरु । सातौ मुखियाको पनि विवाहको कागज च्यात्ने निर्णय । यो नयाँ अवैध सम्बन्धले पनि कसरी बैध र आधिकारिक सम्बन्ध विच्छेदमा फेरिन्छ भन्ने कथा हो ।

भर्खरै रामबहादुर थापाले विचारधारात्मक, बैध र आधिकारिक सम्बन्धलाई सातौं मुखियाको निर्णयमा पुरानो विवाहको कागज च्यात्ने निर्णय गरेका छन् । पारपाचुकेमा खुशी पनि छन् तर कोही मानिसहरु तिम्रो खुशीमा रक्सीका गिलासहरु नफूटाइ हिंडिरहेका पनि होलान् नी हैं । त्यो थाहा पाउन रामबहादुर थापाले यो कथा पढून् ।

## गोरु, कमिला र मान्छे मातृका यादवले पढून



यो बाढीले सन्त्रस्त मानिसको कथा हो । बाढीले घरवास, स्कुल बगाउने मात्र होइन युवाहरुलाई शिक्षा पनि दिन्छ । कमिलाहरु बाढीमा ठूलो गोलोमा एकत्रित भै बाढीको धारसँगसगै बगिरहेका हुन्छन् । युवाहरुले बाढीबाट जोगिन कमिलाको एकताबाट पाठ सिक्छन् । फजलले बाढीमा विस्तारै वगिरहेको एउटा फलक देख्छ । त्यो लिन सर्प, विच्छि र बाढीको प्रवाहले बगाउने डरलाई निल्दै फजलले लामो फलक लिन बाढीमा हाम फाल्छ र जोखिमबाट फलक निकाल्छ । त्यो फलक बाढीमा बगेको विद्यालयको साइनवोर्ड हो ।

मातृका यादव माओवादी आन्दोलन बाढीमा बगेर जे जति बगेपनि साइनवोर्ड जगाउनु पर्छ भन्दै नेकपा( माओवादी) नामलाई अति माया गर्नुहुन्छ ।

## गृहत्याग रामशरण महतले पढून



यो पारिवारिक संघार कहिल्यै ननाघ्न प्रशिक्षित आइमाइको कथा हो । तारावुनु खडेरी, खाद्यान्न अभाव र वुहारीको अचाक्लीहरुबाट विरक्तिएर गृहत्याग गर्न बाध्य हुन्छ । चिनारुबाट टाढा कति टाढा हो भन्ने तारावुनुलाई नै थाहा छैन जान्छे । तारावुनु अचिनारु भूगोलमा भोकमरीले मर्छे । तारावुनुको मृत्युले न त संयुक्त राष्टसंघको कार्यालय, न त इन्स्पेक्टर, न त चित्रावली युनियन कसैले पनि वास्ता गर्दैनन् । वरु संवाददातालाई सरकारी भोजनगृहका प्रशंसापत्रहरु नलेखी भोकमरी अनावश्यक उछालेको आरोप लगाइन्छ र तारावुनुको लास सनाखतविहीन अलपत्र हुन्छ ।

सामन्य संकटको सामाना पनि गर्न नसक्ने नागरिकहरुले महाभुकम्पको त्रासदी वेहोर्दा अर्थमन्त्री रामशरण महतले मृतक र पीडितहरुप्रति कुनै संवेदना नै नराखी पालहरुमाथि नै चिटिग गरेको सर्वविदितै छ ।

## पर्दा उपेन्द्र यादवले पढून



पर्दा यशपालकृत चौधरी पीरवख्सको गरिवीको कथा हो । सानो हवेलीको वासबाट मजदुर वस्तीमा भाडामा वस्न पुगेको चौधरीको आइमाईहरुको आङमा एक तिहाइ कपडा मात्र छ र त्यो परिवारको इज्जतलाई धानिरहेको छ । छाक टार्न र आङ मुस्किल परेपछि चौधरीले ४ रुपिया ऋण लिन्छन् । त्यसको ब्याज तिर्न नसकेपछि पञ्जावी खानले चौधरीको वेइज्जत मात्र गर्दैन, कुनै पनि धितो नपाएपछि घरको पर्दा निकालिदिन्छ । चौधरी परिवारको गरिवीलाई ढाक्ने पर्दा उत्रिएपछि आइमाइहरु त्राहीमाम भएर इज्जत जोगिने कुनाहरुतिर जान्छन् । भीड र पञ्जावी खान गरिवी देखेर आफै लज्जित हुन्छन् ।

यो उपेन्द्र यादवले किन पढ्नु जरुरी छ भने नेपालमा एकधरो कपडाविना मर्ने नागरिकहरु तराईमा छन् । शितलहरको कोपभाजनमा मर्नेहरुको हितार्थ सोच्ने सद्वुद्धि पलाउँछ कि ?

## कुनै धनादेश आएन बामदेव गौतमले पढून



आफ्नो बाबुको नाम, थर र ठेगाना थाहा नभएको सिपाही रामन आयरको कथा हो । रामन आयरले विदाका दिनहरुमा आफ्नो परिचयका लागि शहर घुम्छ । शहरमा उसलाई कसैले पनि सोधेन । सानो गाउँमा रामन आयरले बोलाउने मान्छे भेट्यो । एउटा सिपाहीले पहिलो चोटी सम्झिने मानिस भेट्यो । आफ्नी पत्नीलाई ४० रुपैयाबाट हजारसम्म पठायो । आखिर विवाहको माला, ट्यांका र फेरि कहिल्यै धनादेश नआउने गरी ऊ कतै हरायो ।

बामदेव गौतम गृहयुद्धको समयमा गृहमन्त्री भएका छन् । उनको आदेशमा पहिचानविहीन र गुमनाम भै मरेका सैनिक, सिपाहीहरुले कहिल्यै धनादेश पठाएका छैनन् । अपितु तिनको लासमाथि राजनीति जारी छ । त्यसैले बामदेव गौतमले यो कथा पढून् ।

## कविता

### राष्ट्रभक्तिको अमरत्व

■ जगत श्रेष्ठ

देव नारायण यादव,
वीर सपुत हौं तिमी
आफ्नो रगत सिञ्चिएर
नेपालको माटो सुरक्षित राख्न
जीवन अर्पन तयार तिमी
सच्चा नेपाली छोरा तिमी
तिम्रो त्याग, तिम्रो आँट
प्रेरणास्रोत हौं नेपालको
तिम्रा देशका हुतिहारा शासकवर्ग
टाङमुनि पुच्छर हाल्दै
मालिकको जय जय गर्छन् ।
दुष्ट छिमेकी हौसिएर झन् माथि चढ्छ
हाम्रो सार्वभौमिकता खान अघि बढ्छ
यो विस्तारवादलाई तिम्रो साहस
यौटा बज्रमुक्का हो,
तिलाठी भूमि सिञ्चित तिम्रो रगत
सीमा रक्षाकवच हो,
सीमानाका सम्पूर्ण नेपालीलाई
तिम्रो रगतले साहस र आँट भर्नेछ
स्वाभीमान र सार्वभौमिकताको रक्षा गर्नेछ
तिम्रो वचन "राष्ट्र बचाउँन म प्राण दिनेछु" को
महान वाणी सदा सदा अंकित रहनेछ
इतिहासको पानाबाट कहिल्यै मेटिने छैन ।


### तिलाठी



■ अमृत घर्ति मगर 'आभाष'

तिलाठी
तिमीलाई अभिवादन !
घरभित्रको
सदियौदेखि शोषणको
बाढी सामना गर्दै आयौ
आफ्नै परिवारबाट
दमनको भारी खेप्दै आयौ
तर
तिमी धैर्य थियौ
तिम्रो टटमा सामन्ती
खहरेले कटान गर्दा
छिमेकीको हैकमले
डुवान गर्दा
तिमी संयमित थियौ
अहिलेको अविरल वर्षासंगै
प्रतिरोधको छाल बन्यौ
तिमीलाई लाल सलाम !
तिलाठी
तिमीलाई चिथोर्दा
सिङ्गै देशलाई दुखेको हुनुपर्दछ
तिमीलाई झम्टिंदा
सिङ्गो देश
आक्रोसित भएको हुनुपर्छ
तिमीलाई सादुवाद छ
निर्धाहरुको रगतमा सल्बलायौ
उत्पीडितहरुमाथि जाँगर भऱ्यौ
सिङ्गो राष्ट्रलाई प्रेरित गऱ्यौ
तिमीलाई मुरी मुरी धन्यवाद छ,
तिलाठी
तिमी प्रेरणाको श्रोत बन्यौ
निदाएकालाई जगायौ
जागेकालाई झकझकायौ
झक झकिएकालाई उताऱ्यौ
हेपाहालाई लघाऱ्यौ
चेपाहालाई धपायौ
नेपालीको पहिचान दियौ
तिलाठी
तिमीलाई पुन : सादुवाद छ
छिमेकीले गर्ने दुर्व्यवहारको
देशैलाई ध्यानाकर्षण हुने
गरी
बेलैमा उजागर गऱ्यौ
तिमीलाई धन्यवाद छ
तिलाठी
तिमी घाइते छौ र पनि
जित्यौ
तिमी पीडामा छौ र पनि
पछाऱ्यौ
तिमी सचेततापूर्वक
अविरल बाढी बन
सुसंगठित बाँध बन
देश ब्युँझाउने
सुनौलो विहानी बन
सिङ्गो देश
बाल्ने मशाल बन
वर्ग वैरीलाई
सदा सदा डुबाउने
अविरल कोशी बन
तिलाठी तिमीलाई
समर्थन छ

# मार्क्सवाद अध्ययनबारे- एक चासो


पुष्प गोपाल श्रेष्ठ

"यदि कुनै कम्युनिष्टले सारा उपलब्ध ज्ञानलाई आफ्नो मस्तिष्कमा मन्थन गर्दैन भने, साम्यवाद एउटा फोस्रो कुरा र केवल साधा सूचनापट मात्र बन्न जानेछ, अनि कम्युनिष्ट केवल पाखण्डी सिवाय अरु केहि रहने छैन । तपाईले त्यस ज्ञानलाई हृदयंगम् मात्रै गरेर पुग्दैन, आलोचनात्मक ढङ्गले यसरी हृदयंगम् गर्नुपर्दछ, जस्ले गर्दा आफ्नो दिमागमा नचाहिंदो कसिंगर थुप्रन जानेछैन, बरु आफ्नो बुद्धिलाई यस्ता सारा तथ्यहरुले सम्पन्न तुल्याउनु पर्दछ, जुन आधुनिक समयका शिक्षित मानिसहरुको लागि अनिवार्य हुन्छ । यदि कुनै कम्युनिष्ट गम्भिर, कठिन र ठूलो परिश्रम नगरिकनै, आलोचनात्मक ढङ्गले जाँची हेर्नुपर्ने तथ्यहरुलाई नबुझिकनै आफूले थाहा पाएका तयार निष्कर्षहरुको आधारमा साम्यवादको गफ हाँक्न थाल्दछ भने त्यो ज्यादै दयनीय कम्युनिष्ट हुनेछ । यस्तो अधकल्चोपना अवश्य घातकशिद्ध हुन्छ । मलाई थोरै ज्ञान छ भन्ने बोध छ भने म धेरै जान्नको निम्ति प्रयास गर्नेछु । तर कोहि मानिस आफू कम्युनिष्ट भएको दावा गर्दछ र उसले अब जान्नुपर्ने कुरा केही पनि छैन भन्ने कुरा गर्दछ भने त्यसमा कम्युनिष्ट भन्न लायकको कुनै पनि कुरा हुँदैन ।"- भ्ला.ई. लेनिन

आजका नवयुवकहरु सहि मानेमा देशका कर्णधार हुन् र हाम्रा भविष्य । हामीले यी युवा समुदायलाई, त्यो पुरानो सामन्तवादी समाजले हाम्रोबीच अत्यन्तै घनिष्ट रुपले घुलमिल गरी राखेको एउटा सबभन्दा ठूलो अनिष्ट र दुर्भाग्य हो - व्यवहारिक जीवन र पुस्तकको बीचको गहिरो खाडल । सर्वप्रथम त्यस खाडलबाट माथि उठाई लेनिनको उपरोक्त भनाइलाई आत्मसात गरी, आमरुपमा ती सबै युवकहरु, जो साम्यवादतर्फ अग्रसर हुन चाहन्छन्, तिनीहरुलाई के सिकाउनु पर्दछ र यदि वास्तवमा कम्युनिष्ट युवकको नाम सार्थक तुल्याउन चाहन्छन् भने उनीहरुले कुन प्रकारले सिक्नुपर्दछ तथा पार्टीले जुन उद्देश्य र लक्ष निर्धारण गरेको छ, त्यसलाई उनीहरुले पुरा गर्न र टुंग्याउन सकून भन्नाको लागि उनीहरुलाई कसरी प्रशिक्षित गर्नुपर्दछ भन्ने प्रश्नमा नेतृत्वपंक्तिले सविस्तार विचार गर्नु जरुरी छ ।

सच्चा कम्युनिष्ट बन्न मार्क्सवाद (साम्यवाद)को शिक्षा हासिल गर्नुपर्दछ भन्ने कुरो सर्वमान्य कुरा हो । मार्क्सवादी ज्ञान प्राप्त गर्न हामीले हाम्रो व्यवहारिक जीवनका सामान्य ज्ञानराशिबाट के कस्ता र कुन कुन विषयवस्तु (कुरा) छानेर लिनु पर्दछ ? यस कुरामा हामी अत्यन्तै चनाखो भई सुक्ष्मदृष्टि अपनाउन जरुरी छ । किनभने, यहाँ हाम्रो सामुन्ने धेरै यस्ता खतराहरु हुन सक्छन्, जुन त्यसबेला प्रत्यक्ष देखा पर्दछन्, जब मार्क्सवादको शिक्षा हासिल गर्ने काम गलत ढङ्गले गरिन्छ अथवा अत्यन्तै एकसुरे भएर त्यसको व्याख्या विश्लेषण गर्न थालिन्छ ।

मार्क्सवादको शिक्षा हासिल गर्नु भनेको व्यवहारिक ज्ञानलाई पृथक राखेर मात्र मार्क्सवादका पाठ्यपुस्तकहरु, पुस्तिकाहरु तथा कृतिहरुमा उल्लेखित सारा ज्ञानराशिलाई हृदयंगम् गर्नु हो भन्ने कुरा नै सर्वप्रथम हाम्रो दिमागमा चढ्छ । यो गलत कुरा हो । मार्क्सवादी शिक्षा हासिल गर्ने यस्तो सोच र परिपाटी ज्यादै भद्दा र अधुरो हुन्छ । यदि हामीले त्यो पुरानो सामन्तवादी समाजले हामीलाई जकडिराखेको एउटा सबभन्दा ठूलो अनिष्ट र दुर्भाग्य हो- व्यवहारिक जीवन र पुस्तकको बीचको गहिरो खाडल । आज हामीले यस बारेमा केहि सोच-विचारै नगरी अन्धाधुन्द तरिकाले त्यहि खाडललाई नै पछ्याउदै मार्क्सवादको अध्ययन मार्क्सवादसम्बन्धी कृतिहरु, किताबहरु र पुस्तिकाहरुमा लेखिएका कुराहरु कण्ठाग्रह पार्नमै सीमित भइरहने हो भने, त्यसबाट हामीलाई मार्क्सवादी ज्ञानको लाभ होइन, बरु उल्टो ठूलो क्षति र नोक्सान पुग्न जानेछ । किनभने त्यस्ता घोकन्ते मानिसहरु मार्क्सवादसम्बन्धी पुस्तकहरु र पुस्तिकाहरुमा उल्लेखित कुराहरु घोकी रटिकन पनि त्यस ज्ञानको समूचित प्रयोग गर्न असमर्थ हुनेछन् र यसरी काम गर्न पनि सक्नेछैनन् । जुन वास्तवमा नै मार्क्सवादको माग अनुसार नै हुनुपर्दछ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीका युवकहरु साचौं अर्थमा सच्चा क्रान्तिकारी छवि बोकेका अग्रगामी युवा हुनु पर्दछ, जस्ले जनताको हरेक काममा सहायता पुऱ्याउने छन्, आफ्नो तत्परता र आफ्नो उदाहरणको प्रदर्शन गर्नेछन् । युवा कस्तो हुनु पर्दछ भने हरेक मजदुर, किसान र सर्वसाधरण जनसमुदायले ती युवाहरु यस्ता मानिसहरु हुन भन्ने महसुस गरोस् जसको सिद्धान्त चाहे उनीहरुले बुझ्न नसकून, जसको सिद्धान्तमा चाहे उनीहरुलाई तुरुन्त विश्वास नहोस्, परन्तु ती मानिसहरु वास्तवमा नै यस्ता हुन् जसले उनीहरुलाई सहि बाटो देखाइरहेका छन् भन्ने बारेमा उनीहरुले सजिव व्यवहार तथा क्रियाकलापबाट अनुभव गर्न सकून् ।

नेपाल अहिलेसम्म पुँजीवादी-जनवादी क्रान्तिको चरणमा नै छ भन्ने कुरामा कुनै शंका छैन । नेपालमा पूर्ण जनवादी क्रान्तिको कार्यक्रममा यी कुराहरु समावेश छन् : बाहिरी रुपमा, पूर्ण राष्ट्रिय मुक्ति प्राप्त गर्नका लागि साम्राज्यवाद, विस्तारवादको तख्ता पल्टाउनु, (राजनैतिक हस्तक्षेप पूर्ण नष्ट पार्नु) र आन्तरिक रुपमा, शहरमा दलाल वर्गको शक्ति र प्रभावलाई निर्मुल पार्नु, गाँउ घरमा सामन्ती सम्बन्धहरुलाई खतम पार्नका लागि भूमि-क्रान्तिलाई पूरा गर्नु तथा युद्धपतिहरुको शासनको तख्ता पल्टाउनु । यस्तो जनवादी क्रान्तिबाट गुज्रिसकेपछि नै हामी समाजवादतर्फ संक्रमणका लागि वास्तविक जग बसाल्न सक्नेछौं ।

हामीले नेपाललाई दरिद्र र दिनहीन देशबाट सम्पन्न देशमा परिणत गर्न चाहन्छौं । अतः क्रान्तिकारी कम्युनिष्ट युवाले आफ्नो शिक्षा, आफ्नो अध्ययन र आफ्नो अनुशासनलाई मजदुरहरु र किसानहरुको श्रमसित सम्बद्ध तुल्याउनु पर्दछ । यसो गर्नु अत्यावश्यक छ । किनभने, यसो गर्नाले केवल सैद्धान्तिक पुस्तक-पुस्तिकाहरु पढ्नमा मात्र सीमित रहने छैन । मजदुरहरु र किसानहरुसित काँधमा काधँ मिलाएर काम गर्नाले मात्र सच्चा कम्युनिष्ट बन्न सकिन्छ ।

पुरानो समाज अर्थात् उसकै उत्तराधिकारी अनुरुप हुर्की-बढी आएको वर्तमान समाजमा पनि उहि सामाजिक सिद्धान्तमा आधारित रहि, नेपाली समाजको कुनै पनि चाडपर्वमा ठूलावडाले टिका-टालो लगाईदिंदा आर्शिवाद दिने नै बुर्जुबा सोचमा डुबेर ठुला वडाहाकिम भएस् भनि शुभआशीर्वाद दिने चलन अध्यावधि कायमै छ । र, यस मानेमा स्पष्ट छ, यस्तो समाजमा अनुशासित भएका मानिसहरुको नसा-नसामा, वास्तवमा भन्ने हो भने आमाको दुध चुस्दाखेरि नै, यस्तो मनोभावना, बानी र धारणा घुसेका हुन्छन्- कि लुट, कि त अरुलाई लुट्न देऊ । कि अरुको निम्ति मेहनत गर, कि त अरुलाई आफ्नो निमित काम गर्न लगाऊ । कि अरुलाई आफ्नो दास बनाऊ कि त आफै अरुको दास बन । या त सानोतिनो सम्पत्तिवाला, सानोतिनो कर्मचारी, सानोतिनो अधिकारी अथवा बुद्धिजिवी संक्षेपमा भन्ने हो भने यस्तो मानिस जो केवल आफ्नो स्वार्थको मात्र विचार गर्दछ र अरुको उसलाई कति पनि वास्ता रहँदैन ।

यसै कारण हामी भन्दछौं- हाम्रो निमित्त मानव समाजबाट बाहिर सदाचारको अस्तित्व छैन, यो घोखा मात्र हो । हाम्रो निमित्त सदाचार सर्वहारावर्गको वर्गसंघर्षका हितहरुको अधिनमा छ । यो वर्गसंघर्षको अभिप्राय भन्नु नै दलाल तथा प्रतिक्रियावादी सत्ता ढाल्नु हो, पुँजीपतिहरुलाई सत्ताबाट गलहत्याउनु हो र बुर्जुवावर्गलाई निर्मूल पार्नु हो ।

युवा पुस्ताले अत्यन्तै महत्वकासाथ ग्रहण गर्नुपर्ने कुरा पुरानो शोषणमूलक समाजको विरुद्ध सर्वहाराहरु तथा श्रमजीवीहरुको अनवरत संघर्षसित आफ्नो शिक्षा, अनुशासन र अध्ययनको कार्यको प्रत्येक पाइलालाई सम्बृद्ध तुल्याएर मात्रै युवा पुस्ताले मार्क्सवाद (साम्यवाद) को शिक्षा हासिल गर्न सक्दछ । जब हामीसित सदाचारको कुरा गरिन्छ, हामी भन्छौं, कम्युनिष्टहरुको निम्ति सारा सदाचार यसै सुसंगठित अुनशासन र शोषकहरुको विरुद्ध सचेत जनसंघर्षमा सम्मिलित छ । हामी शाश्वत सदाचारमा विश्वास गर्दैनौ र सदाचारको बारेमा जुनसुकै कपोलकल्पित कुराको धोखाको पनि पोल खोल्दछौं । सदाचार भनेको मानव समाजलाई माथि उठाउने श्रमको शोषणबाट मुक्ति पाउने साधन हो ।

बुर्जुवा समाजबाट सर्वहारावर्गको राजनीतीतर्फ संक्रमण- एक अत्यन्त कठिन संक्रमण हो, अरु त्यसमाथि बुर्जुवावर्गले प्रचार-प्रसारको आफ्नो सम्पूर्ण व्यवस्थाद्धारा हामीलाई बदनाम गरिरहेको हुन्छ । उसले सर्वहारा अधिनायकवादको अझ बढी महत्वपूर्ण कार्यको, यसको प्रशिक्षात्मक कार्यको, जसको नेपालमा विशेष महत्व छ, जहाँ जनसंख्याको अल्पभाग मात्र सर्वहारावर्गमा पर्छ, जसरी भएपनि महत्व घटाउने प्रयत्न गरिरहेको हुन्छ, फेरि नेपालमा नै यस कार्यलाई प्राथमिक महत्व दिनुपरेको छ, किनभने हामीले जनसमुदायलाई नयाँ जनवादी क्रान्तिको निमित्त जागरुक गर्नु परेको छ र यसै क्रान्ति मार्फत जनगणतान्त्रिक राज्य निर्माणको लागि तयार पनि गर्नु परेको छ । यस कार्यको लागि युवा-सर्वहारावर्गले बुर्जुवावर्गको विरुद्ध संघर्ष गर्नको लागि आफूमा तीब्र वर्गचेतना, कठोर अनुशासन र गहन निष्ठाको विकास हुनु र गर्नु अत्यावश्यक हुन आउँछ, जुन सर्वहारावर्गको पुरानो शत्रुमाथि पूर्ण विजयको लागि अत्यावश्यक हुन्छ ।

हामी हजारौं वर्षदेखि जरो गाडेर बसेको सामन्ती राजतन्त्रीय व्यवस्थालाई फालेर ब्युँझेका छौं । तर, हामीले स्वमित्वमा आधारित व्यवस्था फेर्न सकेका छैनौं र फेर्न बाँकि नै छ । पार्टीभित्र र बाहिर दक्षिणपन्थी नवसंशोधनवादी (अवसरवादी) हरुसंगको लडाईमा बढि समय व्यतित हुनगइरहेको कारणले गर्दा, पार्टीभित्र सांगठनिक संरचनामा शुद्धिकरण अभियानले पूर्णता पाउन सकिरहेको थिएन । र हालै मात्र पार्टीभित्र चलेको दुइलाइन संघर्षमा ती दक्षिणपन्थी नवशंसोधनवादीहरु, क्रान्तिकारीहरुको सैद्धान्तिक अडान सामु टिक्न नसकी पुरै अराजक ढङ्ग अपनाई बहिर्गमन भइसकेको वर्तमान स्थितिमा सिंगो पार्टीको स्थिति देख्नमा यद्यपि पार्टीको सांगठनिक संरचना भताभुंग भई संख्याको हिसावले न्यून देखिएता पनि वैचारिक (सैद्धान्तिक)रुपले स्पातभैं मजबुत भई सहि अर्थमा नेपाली राजनीतिमा स्वतन्त्र हैसियत राख्ने बैकल्पिक शक्तिका रुपमा विकसित हुन गइरहेको छ । राजनैतिक रुपले क्रान्तिकारीहरुको निमित्त यो एक प्रकारको चुनौति हो र सँगसँगै यो शुभअवसर पनि ।

क्रान्तिकारीहरुको काम केवल दुनियाँलाई बुझ्नु मात्र होइन, आजको आवश्यकत्ता अनुरुप दुनियाँलाई बदल्नु पनि हो । वर्तमान स्थितिको यो चुनौती र शुभअवसरलाई विश्वका तमाम् शोषित पीडित जनसमुदाय तथा सर्वहारावादीहरुको ज्यानी दुश्मन साम्राज्यवाद, विस्तारवाद, प्रतिक्रियावाद तथा घरेलु सामन्तवाद र दलाल प्रतिक्रियावादी सत्ता विरुद्ध देशको आवश्यकता र जन-चाहना अनुरुप अधुरो रहेको नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा पुऱ्याउन पार्टीको आत्मगत स्थिति सुदृढ र सुसंगठित पारी क्रान्तिको ज्वाला दन्काई जनगणतान्त्रिक राज्यव्यवस्था स्थापना गर्नु आजको राजनीतिक दायित्व हुन आएको छ ।

२०७३/०४/२५

## संक्षिप्त समाचार

### क्रान्तिकारी पत्रकार महासंघको अध्यक्षमा इन्द्र राउत

**काठमाडौं ।** श्रावण २४ मा सम्पन्न क्रान्तिकारी पत्रकार महासंघको प्रथम राष्ट्रिय सम्मेलनले पत्रकार इन्द्र राउतलाई अध्यक्षमा निर्वाचित गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण'को प्रमुख आतिथ्यतामा सम्पन्न उक्त सम्मेलनले उपाध्यक्षमा नारायण पंगेनी, महासचिवमा केशरमणी कटुवाल, सचिवमा रामकुमार श्रेष्ठ, कोषाध्यक्षमा अमीरमैया रन्जितकारलाई निर्वाचित गरेको छ । नवनिर्वाचित अध्यक्ष राउतले जारी गरेको प्रेस नोटका अनुसार सम्मेलनले ५१ सदस्यीय नयाँ कार्यसमितिको चयन गरेको छ ।

सम्मेलनसकिए लगत्तै बसेको नयाँ कार्यसमितिको बैठकले सचिरनन्द महर्जन र लोकराज जैसीलाई केन्द्रीय कार्यालयमा मनोनयन गरेको छ भने गोर्की श्रेष्ठ, पुष्पगोपाल श्रेष्ठ, रामचन्द्र हुमागाईं, कुमार शाह, जयन्ती लुइटेल, अमीररत्न ताम्राकार, टेकबहादुर मास्के र राजेन्द्र रञ्जितलाई महासंघको सल्लाहकारमा थप गरेको छ ।

श्रावण २५ मा जारी प्रेस नोटमा जनाइएको छ, सम्मेलनबाट तीनवटा समितिहरु गठन गरिएको छ । जसमा अनुशासन समिति संयोजक : कुमार शाह, प्रशिक्षण समिति संयोजक : टेकबहादुर मास्के र लेखा समित संयोजक : जयन्ती लुईटेल रहेका छन् । बैठकले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, साना लगानीका सञ्चारमाध्यमको संवर्द्धन, जनपक्षीय पत्रकारिताको पक्षमा खरो रुपमा उत्रने निर्णय गरेको जारी प्रेस नोटमा जनाएको छ ।

सो सम्मेलनमा क्रान्तिकारी माओवादीका प्रकाशन विभागका इन्चार्ज रामसिंह श्रीस, पार्टी सचिवालय सदस्य कमल चौधरीले शुभकामना मन्तव्य राखेका थिए । देशैभरबाट आएका पत्रकारहरुले महासंघलाई श्रमजीवि पत्रकारहरुको नेता संगठनको रुपमा स्थापित गरेर लैजानुपर्ने आवश्यकता औल्याएका थिए ।

### नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको बैठक सम्पन्न

#### १२५ जनाको केन्द्रीय समिति, पदाधिकारीको कार्यविभाजन

**काठमाडौं ।** नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल केन्द्रीय समितिको बैठक यही साउन १९ गते मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठको अध्यक्षता तथा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'को विशेष उपस्थितिमा सम्पन्न भएको छ ।

अध्यक्ष किरणले नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालले राज्य विरुद्धको संघर्ष र नवसंशोधनवादमा विलीन हुन पुगेका पार्टीभित्रका अवसरवादीहरुका विरुद्धको महत्वपूर्ण भूमिका खेलेको चर्चा गर्दै उत्पीडित जातिको मुक्तिको लागि उनीहरुको पहिचानसहित संघीयता आवश्यक रहेको कुरा बताएको बैठकमा सहभागी एक नेताले वर्गदुष्टिलाई जानकारी दिए । उत्पीडित जातिको मुक्तिको कुरा गर्दा मजदुर किसानहरुमाथि भइरहेको उत्पीडनका विरुद्ध पनि आवाज उठाउनुपर्ने कुरा उल्लेख गर्दै उत्पीडित वर्ग र समुदाय एक भएर संघर्ष गर्नुपर्ने कुरामा अध्यक्ष किरणले जोड दिए । नेवाः मोर्चाले तात्कालिक रुपमा संगठनमा जोड दिएर संघर्षको तयारी गर्नुपर्ने आवश्यतामाथि विशेष जोड दिएको सम्बद्ध स्रोतले जनायो ।

प्राप्त जानकारी अनुसार मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले मोर्चाबाट केही साथीहरु नवसंशोधनवादमा विलीन हुन पुगेपनि बहुसंख्यक साथीहरु नेवाः मोर्चाको झण्डामुनि गोलबन्द रहेको भन्दै बैठकमा पारित संगठन/संघर्षका योजना लागु गर्न सबै केन्द्रीय सदस्यहरुले मेहनत गर्नुपर्ने बताए ।

बैठकले मोर्चाको १२५ जनाको केन्द्रीय समिति निर्माण गरेको छ । अध्यक्षमा पवनमान श्रेष्ठ, महासचिव सुरेश श्रेष्ठ, कोषाध्यक्षमा श्रीकृष्ण सुलु र चार जना उपाध्यक्षमा गोर्की श्रेष्ठ (उपत्यकबाट), गणेश खड्गी (ताम्सालिङबाट), मनोज श्रेष्ठ (पूर्वबाट) र मानध्वज श्रेष्ठ (पश्चिमबाट) रहेका छन् । चार सचिवहरुमा राजेन्द्र रञ्जित, सचिर महर्जन, रविन्द्र श्रेष्ठ र अजय श्रेष्ठ रहेका छन् । त्यसैगरी सहकोषाध्यक्षमा शुशिला महर्जन र सानुकाजी महर्जन रहेका छन् । बैठकमा नेकपा (क्रान्तिकारी माओवादी) का पूर्वी ताम्सालिङ संयोजक राम आचार्य र अखिल नेपाल आदिवासी जनजाति महासंघका महासचिव नगेन्द्र राईको पनि उपस्थिति रहेको थियो ।

### अनेथारामुमोको अध्यक्षमा कमल चौधरी

**बुटवल ।** अखिल नेपाल थारु राष्ट्रिय मुक्ति मोर्चाको श्रावण २६ गते बुटवलमा भएको राष्ट्रिय भेलाले १३ सदस्य पछि थप्ने गरी ३५ सदस्यीय केन्द्रीय कार्यसमितिको चयन गरेको छ । भेलाले कमल चौधरी (सप्तरी)लाई अध्यक्षमा निर्वाचित गरेको छ भने उपाध्यक्षहरुमा उपाध्यक्षहरु-खुशीराम चौधरी (कैलाली), रामविलास चौधरी (कपिलवस्तु), देवानन्द चौधरी (बारा), चन्द्रलाल चौधरी(कञ्चनपुर)लाई चयन गरेको छ । देशैभरिका १३ जिल्लाबाट प्रतिनिधि पर्यवेक्षक सम्मिलित भेलाले महासचिवमा रामजी चौधरी(दाङ), सचिवमा दयाराम चौधरी (कैलाली), सुमित्रा चौधरी( सुनसरी), दुर्गा चौधरी र ब्रम्ह चौधरी(सिराहा) र कोषाध्यक्षमा महेश्वर चौधरी (उपत्यका)लाई चयन गरेको छ ।

त्यसैगरी सदस्यहरुमा अस्मिता चौधरी (सप्तरी), कृष्ण चौधरी (बारा), प्रेम चौधरी (चितवन), नारायणप्रसाद चौधरी (उदयपुर), तेजनारायण चौधरी (कपिलवस्तु), घनश्याम चौधरी (रुपन्देही), मनोहर चौधरी(कैलाली), करिस्मा महतो(नवलपरासी), दुर्गानन्द चौधरी(नवलपरासी), श्याममणि चौधरी, आशिष थारु (कपिलवस्तु)लाई चयन गरेको छ भने सल्लाहकारमा सूर्यनारायण चौधरीलाई चयन गरेको छ ।

मोर्चाको राष्ट्रिय भेलाको उद्घाटन नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य हर्कबहादुर शाहीले गरेका थिए भने पार्टीका सचिवालय सदस्य नगेन्द्र राई, प्रेमनाथ सुवेदी, अवधराज्य सचिवालय सदस्य आरपी शर्मा लगायतले बधाई तथा सुभकामना मन्तव्य राखेका थिए ।

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**
सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा


पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

जि.प्र.का. काठमाडौं, द.न. १९४-०७२/०७३
वर्गदृष्टि Bargadrishti Weekly साप्ताहिक

## आलोपालो

# पच्चीस सयभित्र हराएको माओवादी आन्दोलन


■ हुकुमबहादुर सिंह

नेकपा माओवादी केन्द्र, जसलाई संक्षिप्तमा नेकपा माके भनिन्छ, जसको केन्द्रीय समिति अहिलेसम्म आइपुग्दा पच्चीस सय भएको छ । यसले अहिलेसम्म आफूलाई नेकपा माओवादी केन्द्र भनेको छ र २०५२ साल फागुन १ देखि शान्तिप्रक्रियामा आएकासम्मका माओवादीलाई यसमा समावेश गरी  नेपालमा बृहत माओवादी केन्द्र स्थापना गर्ने यसको घोषित उद्येश्य हो भनेर  नेकपा(क्रान्तिकारी माओवादी)भित्रबाट रामबहादुर थापाको नेतृत्वमा माओवादीहरुको एउटा बलियो संख्यासहीत एमाओवादीमा प्रवेश गरेको थियो । उक्त समूह एमाओवादीमा प्रवेश गरेलगत्तै त्यो पार्टी माओवादी केन्द्र(माके) मात्रै बनेन, त्यो एउटा हजारी लालको पार्टी बन्यो भनेर, स्वयम् सोही पार्टीका नेताहरुले भन्न थाले । अबत त्यो हजार जनाको पार्टी नभएर पच्चीस सयको पार्टी बनेको छ। अब त्यसको नाम के होला, उक्त कमरेड जसले हजार जना केन्द्रीय समिति सदस्य हुँदा उक्त हजारीलालको पार्टी भनेका थिए अब के भन्ने हो, स्वयम् उनी नै अन्यौलमा भएजस्तो छ । किनभने उनलाई शंका भएहोला यसको नामाकरण गर्न हतार नगरौ किनभने यो पच्चीस सयभन्दा पनि अझै माथि जाने सम्भावना छ।

नेकपा(क्रान्तिकारी माओवादी)भित्रबाट रामबहादुर थापाको नेतृत्वमा एमाओवादीमा प्रवेश गरेलगत्तै त्यो पार्टी माओवादी केन्द्र(माके) मात्रै बनेन, नेकपा एमालेसितको सत्ता गठवन्धनलाई तोडेर नेपाली कांग्रेससित नयां सत्ता गठबन्धनको सुरुवात गर्न पुग्यो। यसले के स्पष्ट बनाएको छ भने नेकपा(क्रान्तिकारी माओवादी)भित्रबाट एमाओवादीलाई रुपान्तरण गरेर नेपाली जनवादी क्रान्तिलाई पूर्णता दिने, माओवादी कार्यकर्ता तथा नेताहरुको आर्थिक तथा सामाजिक व्यवस्थापन गर्ने (हातमुख जोर्ने समस्याको समाधान गर्ने)आदि उद्देश्य राखेर एमाओवादीमा प्रवेश गरेका थापा, गुरुङ्लगायत कमरेडहरुको (हातमुख जोर्ने समस्याको समाधान त भए होला तर पुष्प कमल दाहलको नेतृत्वको एमाओवादीलाई रुपान्तरण गरेर नेपाली जनवादी क्रान्तिलाई पूर्णता दिने कुरा त कता हरायो ? बरु त्यसको उल्टो उनीहरुको एमाओवादीमा प्रवेश लगत्तै एमालेसितको वामपन्थी गठवन्धनलाई तोडेर उनीहरुले भन्दै आएको दलाल पुँजीपति तथा नोकरशाहा वर्गको पार्टी नेपाली कांग्रससित सत्ता गठवन्धन गर्नका लागि क्याटलाइटिक एजेण्टको रुपमा काम गर्न पो सफल भए।

हुनत रामबहादुर थापाको नेकपा(क्रान्तिकारी माओवादी)भित्रको अन्तरपार्टी संघर्षमा 'हिजको मिलेरावाद आजको मार्क्सवाद' भनेर व्यख्या गरेका थिए। उनको एमाओवादी प्रवेश पछि थापाको त्यही सैद्धान्तिक धरातलमा टेकेर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले हिंजको दलाल पुँजीपति तथा नोकरशाहा वर्गको पार्टी नेपाली कांग्रेस आजको मित्र शक्ति भने भने नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासको नयाँ व्यख्या हुने छ। कतै उनले यो भनाई पनि स्वयम् रामबहादुर थापाको मुखबाट भन्न त लगाउने छैनन् ? किनभने 'हिजको मिलेरावाद आजको मार्क्सवाद'भन्ने थापाले यसो नभन्लान भनेर कसरी विश्वास गर्ने ?

जे होस् थापाको माथि उल्लेखित 'मिलेराँवाद'को कार्यान्वयन पुष्पकमल दाहालमार्फत अहिले नेपालमा सुरु भएको छ। फ्रान्सका मिलेरा एउटा राष्ट्रवादी थिए, तर रामबहादुर थापाको नेपालका मिलेरामा त्यो चरित्रमा ह्रास आएको देखिएको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल अहिले नेपालको प्रधानमन्त्री हुँदा दिल्ली निकै हर्सित देखिएको छ, जवकि उनी नेपालको पहिलो पटक प्रधानमन्त्री हुँदा दिल्ली विल्कुलै खुशी थिएन् परिणाम कटुवाल काण्डद्धारा उनको सरकारलाई पदच्यूत गर्न दिल्ली सफल भएको थियो। त्यसपटक उनलाई प्रधानमन्त्रीबाट हटाउन तत्कालिन रक्षामन्त्री रामबहादुर थापाको बचेखुँचेको क्रान्तिकारीता पनि एउटा कारण बनेको थियो। त्यसबेला प्रचण्डले आफ्नो राजीनामामार्फत भनेका थिए -"विदेशी प्रभुका अगाडि म झुक्दिन, बरु प्रधानमन्त्रीबाट राजीनामा दिन तयार छु ।" भन्दै राजीनामा दिएका थिए । त्यसवेला उनमा क्रान्तिकारीता र राष्ट्रवादको बलियो संकेत पाइन्थ्यो । तर अहिले उनी प्रचण्ड छैनन् नत रामबहादुर थापा बादल नै छन् र उनी दुवैका लागि रामबहादुर थापाले भनेझै ' हिजको मिलेरावाद आजको मार्क्सवाद' भएको छ र २०५२ साल फागु १ गतेबाट जन्मन सुरु गरेका क्रान्तिकारीहरुमध्ये कैयौ माओवादी केन्द्रको पच्चीस सयभित्र हराउन पुगेका छन्। र यिनीहरुको दिमागमा अब राष्ट्रिय मुक्ति र वर्गीय मुक्तिका कुरा होइनु, राष्ट्रिय तथा वर्गीय आत्मसमर्पणवादलाई सही मान्ने चिन्तन र प्रवृतिको विकास भएको छ। नेपाली कांग्रेस र दिल्लीसितको आत्ममियताले यसैलाई संकेत गर्दैछ।

राष्ट्रियता तथा वर्गीयताको सवालमा हिंजका प्रचण्ड आजका पुष्पकमल दाहाल र हिंजका बादल आजका रामबहादुर थापा दुवैले उल्टो बाटो- राष्ट्रिय तथा वर्गीय आत्मसमर्पणवादलाई समातेर सरकार निर्माण गर्दै छन्। रामबहादुर थापासित क्रान्तिकारी कायमै रहने उद्घोष गर्दै नेकपा(क्रान्तिकारी माओवादी) बाट एमाओवादीमा प्रवेश गरेका अन्य क्रान्तिकारीहरु आखिरमा पच्चीस सयभित्र हराउन पुगेका छन् । यो मैले कसैलाई लगाएको आरोप होइनु, स्वयम् हिंजका प्रचण्डले भनेको "विदेशी प्रभुका अगाडि म झुक्दिन, बरु प्रधानमन्त्रीबाट राजीनामा दिन तयार छु ।" र अहिलेको पुष्पकमल दाहालले पछिल्लो पटक भनेको-" भारतले मलाई ४ पटक दण्डीत र ४ पटक पुरस्कृत गरेको छ ।"भन्ने अभिव्यक्ति र हिंजका बादलले भनेको-" नेपालमा क्रान्ति सम्भव छ, संविधानसभाको नीर्वाचन नौटंकी हो ।" र अहिलेको रामबहादुर थापाको अभिव्यक्ति-' हिजको मिलेरावाद आजको मार्क्सवाद' को कार्यान्वयनका लागि बनेको पच्चीस सयभित्र हिंजका कैयौ क्रान्तिकारी माओवादी कमरेडहरु मात्रै हराएर गएका छैननु, समग्र माओवादी आन्दोलनलाई नेपालबाट ध्वस्त बनाउने लामो समयदेखिको साम्राज्यवादी र विस्तारवादीको रणनीतिक सपनाको कार्यान्वयन नेकपा(क्रान्तिकारी माओवादी)को विभाजन गराएर देखेको थियो । तै पनि अझै नेपालका केही क्रान्तिकारी माओवादीहरुले उनीहरुको त्यो षडयन्त्रलाई चिर्न सफल भएका छन् र माओवादी आनदोलनको रक्षा र विकासको महान् जिम्मेवारीलाई उठाएर लैजाने उद्घोष गरेका छन्।

यसै सन्दर्भमा नेकपा(क्रान्तिकारी माओवादी)को केन्द्रीय सल्लाहकार समितिले एमाओवादीसित पार्टी एकतावारे दिएका तीनवटा महत्वपूर्ण सुझावमध्ये दुई नम्वर बूँदामा भनिएका निम्न भनाइले वर्तमान माकेको राजनीतिक तथा सांगठनिक अवस्थालाई संकेत गर्दछ र पच्चीस सयभित्र हराएको माओवादी आन्दोलनलाई एउटा फरक कार्यशैली र सैद्धान्तीक तथा सांगठनिक धरतलमा जीवीतै राख्न मद्त गर्दछ। जसमा भनिएको छ-

"एनेकपा(माओवादी)ले पार्टी एकताको आधार मालेमा र बलप्रयोगको सिद्धान्तलाई मानेता पनि एनेकपा(माओवादी)ले वर्तमान राज्यसत्तालाई हेर्ने दृष्टिकोण हाम्रो पार्टीकोभन्दा भिन्न भएको, एनेकपा(माओवादी)ले नेपालको २०७२को प्रतिगामि संविधानलाई जनयुद्ध र जनआन्दोलनको महत्वपूर्ण उपलब्धी मानेको, वर्तमान राजनीतिक परिस्थितिमा जनवादी क्रान्ति वर्ग विश्लेषणप्रति गैर मार्क्सवादी-लेनिनवादी दृष्टिकोण अपनाएको र एनेकपा(माओवादी) विशेषतः खुल्ला राजनीतिमा प्रवेशपछि उनीहरुमा आएको सैद्धान्तिक विचलन र उनीहरुको पार्टी नेतृत्व पंक्तिको वर्ग चरित्रमा आएको परिवर्तन आदिका कारण क. प्रचण्डले पठाएको पत्रकै आधारमा अहिले नै उनहिरुसित पार्टी एकता सम्भव छैन्। अतः माथि उल्लेख गरिएका सैद्धान्तिक आधारहरुप्रति एनेकपा(माओवादी) स्पष्ट र प्रतिवद्ध नभएसम्म तथा उनीहरुको वर्ग चरित्रमा सुधार नआएसम्म एनेकपा(माओवादी)संग हतारमा पार्टी एकता गर्नु उचित हुँदैन् । सैद्धान्तिक आधार स्पष्ट नभइकन हतारमा गरिने पार्टी एकता कम्युनिष्ट आन्दोलनको लागि घातक सिद्ध हुन सक्छ।"

नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय सल्लाहकार समितिले एमाओवादी सित पार्टी एकतावारे दिएको उल्लेखित भनाई कति सही थियो भन्ने कुरालाई पच्चीस सयभित्र हराएको माओवादी आन्दोलन र त्यसको केन्द्रीय समितिमा जाने पदीय महत्वाकांक्षाका कारण माकेभित्रै हराएका माओवादी कमरेडहरुको वर्तमान अवस्थाले पुष्टि गर्दछ। hukumsingh2012@yahoo.com

# आदिवासी-जनजातिको आन्दोलन जारी : केबी गुरुङ

**बुटवल** । आदिवासी जनजाति आन्दोलनका अगुवा के.बी.गुरुङले आदिवासी जनजातिहरुको राजनैतिक र आर्थिक अधिकार प्राप्तिको लडाईं जारी रहेको बताएका छन्। उनले भनेका छन्, "भाषा,संस्कृति जगेर्नाका लागि मात्रै होइन, आदिवासी जनजातिको संघर्ष राजनैतिक र आर्थिक अधिकार प्राप्तिको लागि हुनुपर्दछ ।" उनले नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्, रुपन्देहीले २२ औं विश्व आदिवासी दिवस-०७३ का अवसरमा २५ श्रावणमा बुटवलमा आयोजना गरेको दिवस मूल समारोहलाई सम्बोधन गर्ने क्रममा सो कुरा बताएका हुन् ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य समेत रहेका गुरुङले पहिचान, प्रतिनिधित्व र पहुँचका लागि आदिवासी जनजातिको आन्दोलन अझ सशक्त पार्नुपर्नेमा जोड दिए । लामो समयसम्म सरकारमा रहेका कांग्रेस, एमाले र माओवादी केन्द्रले आदिवासी जनजातिलाई अधिकार दिन कसले छेकेको थियो र भन्ने प्रश्न गर्दै उनले भने, "उनीहरुले आदिवासी जनजातिलाई अधिकार दिनै चाहेका छैनन् ।" रुपन्देहीका स्थानीय विकास अधिकारी युवराज सुवेदीले आदिवासी जनजातिलाई मुल धारमा ल्याउनका लागि राज्यले बजेट विनियोजन गरेको बताए । कार्यक्रमको अध्यक्षता दलबहादुर छन्त्याल, सचिव ज्ञानेन्द्र भुजेलले सञ्चालन गरेका थिए ।

कार्यक्रममा ८९ वर्षिय सु.इन्द्रबहादुर गौचन र ८८ बर्षिय चलदेबि साङ्गयोलाई सम्मान गरिएको थियो । कार्यक्रम पूर्व राजमार्गचौराहस्थित लखनचोकमा रहेको प्रथम शहीद क्या.लखन थापाको शालिकमा महासंघका अध्यक्ष दलबहादुर छन्त्यालले माल्यार्णपण गरेर र्‍यालीको शुभारम्भ गरेका थिए ।

## अखिल (क्रान्तिकारी) ...

प्राप्त जानकारी अनुसार क्रान्तिकारीले नेपाल इन्जिनियरिङ काउन्सिलले तोकेको मापदण्डमा रहेर मात्रै क्याम्पस सञ्चालन गर्न, गराउन, देशमा संघीयता कार्यान्वयन हुँदा हरेक राज्यमा एउटा इन्जिनियरिङ कलेज सञ्चालन गर्न, आइओईले प्रदान गर्दै आएको छात्रवृत्तिमा कम्तीमा पनि २५ प्रतिशतले वृद्धि गर्न र प्रभावकारी हुने गरी लक्षित वर्गलाई उपलब्ध गराउन माग गरेको छ।

यस्तै विना आधार वार्षिक रुपमा भारी मात्रामा बढाईदै आएको शुल्क तत्काल खारेज गरी यो शैक्षिक सत्रमा शुल्क वृद्धि नगर्न, शुल्कको वैज्ञानिक मापदण्ड तयार गर्न, विद्यार्थीको आवश्यकता र अनुपातअनुसार सुविधा सम्पन्न छात्राबास तथा यातायातको व्यवस्था गर्न र विषयविज्ञ र पूर्णकालीन प्राध्यापकहरुको व्यवस्था गर्न पनि क्रान्तिकारीले माग गरेको छ।

डिन कार्यालयमा क्रान्तिकारीले बुझाएको मागपत्रमा परीक्षा प्रणालीलाई व्यापक शुद्धिकरण गरी पुरक परीक्षा दिने हालको व्यवस्था खारेज गर्न, एकै दिनमा दुई वटा परीक्षा गराउने व्यवस्था खारेज गर्न र पाठ्याक्रम अनुसार प्रश्नपत्र तयार गर्ने व्यवस्था मिलाउन पनि माग गरेको छ । बुझाइएका मागहरु सातदिनभित्र पूरा नगरे संगठन आन्दोलनको आँधिवेहरी सृष्टि गर्न सबै मूल्य चुकाएर लागि पर्ने अखिल क्रान्तिकारी नेवाः राज्य संयोजक ज्ञानु खतिवडाले बताइन् ।

यता अखिल (क्रान्तिकारी) उपत्यका जिल्ला समितिका अध्यक्ष लक्ष्मण श्रेष्ठ र सचिव अरुण आचार्यसहितको टोलीले शुक्रबार पूर्वाञ्चल विश्वविद्यालयमा शैक्षिक सुधारका लागि बुझाएको नौ बुँदे माग पत्रमा पूर्वाञ्चल विश्वविद्यालयले प्रदान गर्ने १० प्रतिशत छात्रवृत्तिमा ५ प्रतिशत आरक्षण कोटा भनी दिने गरेकोमा त्यसको आधार प्रष्ट पार्न, मुलुक विनाशकारी भूकम्पबाट प्रभावित भएको बेलामा शुल्क बढाउनु अमानवीय भएको भन्दै त्यसलाई तत्काल खारेज गर्न भनिएको छ।

यसैगरी विश्वविद्यालयबाट प्राप्त हुने ट्रान्सक्रिप्ट निश्चित समयभित्र सहज रुपमा उपलब्ध गराउन, परीक्षा केन्द्र तोक्दा कलेज र परीक्षा केन्द्रको दुरीको आधारमा तय गर्न, मौका परीक्षालाई व्यवस्थित गर्न, स्ववियु निर्वाचनको मिति तत्काल लागू गर्न पनि माग गरिएको छ।

## कूटनीतिक तनावमा ...

हो भनेर विश्लेषण भइरहेको सन्दर्भमा दाहालले सिको भ्रमण गराउँछन् कि गराउँदैनन् ? अनुदान सहयोग लिन्छन् कि लिंदैनन् ? धेरैले महत्वका साथ प्रतीक्षा गरिरहेका छन् ।

यतिखेर दाहाललाई उत्तर र दक्षिण-पश्चिमको दबाब थेगिनसक्नु भएको छ । सिको भ्रमणको समयतालिका र पूर्वाधार विकाससम्बन्धी परियोजना प्रस्ताव बुझाउन दाहाल सरकारलाई चीनले विभिन्न अध्ययन टोली नेपाल पठाएर दबाब दिइरहेको छ भने जुनसुकै मूल्य चुकाएर भएपनि सिको भ्रमण रोक्न भारत र अमेरिकीहरुले दबाब दिइरहेको सम्बद्ध स्रोतले दावी गरेको छ। दाहाल यतिखेर निकै ठूलो कुटनीतिक तनावमा रहेको उनी निकटस्थ स्रोत बताउँछ । पूर्व कुटनीतिज्ञ (राजदूत) रमेश नाथ पाण्डेसँग भेटेर उनले आफ्नो कुटनीतिक तनाव कम गर्ने उपाय खोजेको बुझिएको छ।

संसदीय व्यवस्थाबाट दायाँबायाँ गर्न नपाउने, सेना सम्पूर्ण रुपले बुझाउनुपर्ने र भारतीय हितनुकूलमा काम गर्नुपर्ने दिल्लीको सर्तसहित १२ बुँदे समझदारीहुँदै शान्तिप्रक्रियामा आएका दाहालले दिल्लीको यो सर्त तोड्नसक्ने ठाउँ नराखेको कुटनीतिक विश्लेषकहरु दावी गर्छन् । पूर्व प्रम केपी ओलीले चीनसँग गरेका सम्झौताको कार्यान्वयनबारे चीनले उच्च चासो मात्रै राखेको छैन, नेपालमा बढ्दै गएको इण्डो-अमेरिकन प्रभावलाई निस्तेज पार्न राष्ट्रपति सि जिन पिङकै भ्रमण गराउनुपर्ने निष्कर्षमा देखिएका छन् । दाहाल सरकारले सही ढंगले कुटनीति संचालन गर्न नसक्ने हो र छिमेकीको जायज चासोलाई सम्बोधन गर्न नसक्ने हो भने मुलुक कुटनीतिक द्वन्द्वमा फस्न सक्ने विश्लेषकहरुको ठम्याइ छ।

यो सत्य हो कि पछिल्लो राजनीतिक परिवर्तनपछि चीनले पनि नेपाली राजनीति र राजनीतिक शक्तिहरूमाथि सरोकार राख्न र प्रतिक्रिया दिन थालेको छ । नेपालको अस्थिर राजनीतिक अवस्था र लम्बिंदो संक्रमणले आफ्नो सुरक्षा सम्बोधन गर्न आफैं अघि सर्नुपर्ने महसूस गर्दै चीन अघि बढेको देखिन्छ । चीनको यो सक्रियताले नेपालका कैयौं राजनीतिक र सामरिक सवालमा भारतको प्रतिस्पर्धा पनि बढाएको छ। नेपाली नेताहरू र सुरक्षा प्रमुखहरूलाई बोलाउन चीन र भारतबीच प्रतिस्पर्धा चल्नुको कारण पनि यही हो। बस् अब हेर्न बाँकी दाहालका विशेष दूत बनेर बेइजिङ र दिल्ली उड्ने कृष्णबहादुर महरा र विमलेन्द निधिले कस्तो सन्देश लिएर आउँछन् र त्यसको सम्बोधन र व्यवस्थापन दाहालले कसरी गर्छन्,त्यसैमा धेरै कुरा निर्भर रहने छ।

## 'विशाल नेपाल' बारे ...

ग्रेटर नेपालबारे जानकारी लिन चीनले आफूलाई दोश्रो पटक चीन निम्त्याएको दावी उनले गरेका छन्।

अध्यक्ष नेपालले उक्त भेटघाटका अवसरमा ग्रेटर नेपालको नक्सा र अन्य सन्दर्भ सामग्री सम्बन्धित व्यक्तिहरुलाई उपलब्ध गराएको जनाएका छन्। चिनियाँ राष्ट्रपतिका प्रमुख सल्लाहकार ली सिक्वाङसँग उनले दक्षिणी चिनियाँ समुद्रका टापुहरुमाथिको विवाद, अरुणाचल प्रदेश र ग्रेटर नेपालबारे गम्भीर छलफल गरेका थिए। उनले नेपालका लागि चिनियाँ पुर्व राजदूत ली तप्याओसँग अर्थपूर्ण भेटघाट दावी गरेका छन्। ग्रेटर नेपालको नक्सा बुझाएपछि चिनियाँ पूर्वराजदूत लीले ग्रेटर नेपालको विषयलाई गम्भीर भन्दै भारतसँग चीनको लामो सीमा विवाद रहेको र समान प्रकृतिका यस्ता मुद्दामा चीन र नेपाललले सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताएको नेपालले जनाएका छन्।

## नयाँ जनवादी ...

संसदवादमा नै फँसिसक्नु भएको छ। त्यसकारण उनीहरु दुईमा के फरक छ ?' उनले भने, 'दुवैले अबको क्रान्ति कसरी अघि बढ्छ भन्नेबारेमा केही उल्लेख गर्न सकेका छैनन् । हामी नयाँ जनवादी क्रान्तिको दिशामा अब केन्द्रित हुनुपर्छ ।' उनले अहिले माओवादी केन्द्रको कार्यदिशा र एमालेको कार्यदिशामा भिन्नता नरहेको पनि बताए।

उनले प्रविधिको विकाससँगै फौजी कार्यदिशालाई पनि नयाँ आधारमा विकास गर्नुपर्ने आवश्यकता औंल्याए । विगतमा हामीले रुस र चीनको क्रान्तिको फ्युजनको कार्यदिशा अवलम्बन गरेर कन्फ्युजन पैदा भएको भन्दै किरणले अब नेपाली मौलिक विशेषतामा आधारित नयाँ जनवादी क्रान्ति नै कम्युनिष्ट क्रान्तिकारी आन्दोलनको मुख्य कार्यदिशा हुने उल्लेख गरे। यसका लागि रुस र चीनको क्रान्तिबाट पाठ सिक्न सकिने उनको भनाई थियो। अध्यक्ष किरणले अब केन्द्रीय समितिदेखि तल्ला समितिसम्म पार्टीको कार्यदिशाबारे बहस र छलफल चलाउने जानकारी दिए।

उनले क्रान्तिकारी कार्यदिशा भएरमात्रै क्रान्ति सम्पन्न हुन नसक्ने भन्दै त्यसका लागि तीन जादुगरी हतियार पार्टी, सेना र संयुक्त मोर्चा बनाउने र त्यसलाई सशक्त बनाउने गरी अघि बढ्नुपर्ने बताए। पार्टीका हरेक समितिहरु चुस्त दुरुस्त बनाएर अघि बढ्न सकेमा पार्टी सशक्त बन्नसक्ने उनको भनाई थियो। 'आज पार्टी पार्टीजस्तो नभएर मोर्चाजस्तो बन्न गएको छ। मोर्चाको अवधाराणा विस्तारै कमजोर हुँदैछ । यसलाई हामीले अन्त्य गर्नुपर्छ र मोर्चालाई बृहत र पार्टीलाई चुस्त र प्रभावकारी बनाएर अघि बढ्नुपर्छ', उनले भने।

प्रचण्ड नेतृत्वको माओवादी केन्द्र हजारीलालबाट २५ सय लालतिर अघि बढेको भन्दै उनले ब्यंग्य समेत गरे। पार्टी संगठन निर्माणका लागि क्रान्तिकारी माओवादीले केही योजना समेत तयार गरेको छ। सोही अनुसार भदौ महिनाभित्र संगठन सुदृढिकरण, प्रशिक्षण, भेला बैठक र संयुक्त मोर्चा गठनको काम सक्ने, असोज १ गतेदेखि कात्तिक मसान्तसम्म आर्थिक अभियान सञ्चालन गर्ने, मंसिर १ गतेदेखि मसान्तसम्म पार्टी सदस्यता वितरण, नविकरणका काम सक्ने गरी कार्ययोजना ल्याएको उनले जानकारी दिए।

यसैगरी क्रान्तिकारी माओवादीले सुकुम्बासी समस्या समाधानका लागि ध्यानाकर्षण गराउने उद्देश्यले आज (सोमबार) प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएर आगामी १४ गते देशव्यापी प्रदर्शन गर्ने भएको छ।

प्रशिक्षण कार्यक्रममा पार्टीका वरिष्ठ नेता सीपी गजुरेलले आगामी दिनमा संयुक्त मोर्चालाई सशक्त बनाएर लैजाने बताए । उनले विगतमा संयुक्त मोर्चाले प्रभावकारी भूमिका खेल्न नसकेको उल्लेख गर्दै अब त्यसलाई पुनरावृत्ति हुन नदिने बताए।

उनले संयुक्त मोर्चा गठनको विषय बाहिर आउनेवित्तिकै त्यसलाई चुनावमा जाने साधनको रुपमा ब्याख्या गरिएको भन्दै त्यस्तो भ्रममा नपर्न सबै कार्यकर्तालाई आग्रह गरे । क्रान्तिकारी माओवादीले राष्ट्रिय स्वाधीनता र जनतन्त्र, जनजीविकाका कार्यक्रमलाई पनि संघर्षको चरणअनुसार संगै लिएर जाने बताए।

सो प्रशिक्षण कार्यक्रममा नेवा, ताम्सालिङ र अवधका करिब पाँचसय नेता कार्यकर्ताहरु सहभागी थिए।

## सहिद रामवृक्ष ...

आँखा लगाउन थाल्दै गर्दा हुन लागेको मोर्चाको यो भेलालाई विशेष चासोका साथ हेरिएको छ । यो भेलाले पटक-पटक असफल भएका र गराइएका मधेश आन्दोलनको संश्लेषण गर्ने र मधेस आन्दोलनलाई सही दिशा प्रदान गर्ने ऐतिहासिक काम गर्ने मोर्चाका अध्यक्ष रोशन जनकपुरीले वर्गदृष्टिलाई बताए।

सहिद रामवृक्षको विचार र आदर्शलाई मोर्चा पछ्याउँदै  अगाडि बढिरहेको छ भन्दै जनकपुरीले वर्गीय आन्दोलनसँग नजोडिएको मधेश आन्दोलनले लक्षित गन्तव्य हासिल गर्न नसक्ने सत्यलाई पटक-पटक असफल भएको आन्दोलनले स्थापित गरेको पनि बताए। मधेसमा नयाँ ढंगको वर्गसंघर्षको आवश्यकता रहेको पनि जनकपुरीको ठम्याइ छ । सहिद रामवृक्ष यादव मधेसमा वर्गसंघर्षको पर्याय हुनुहुन्थ्यो । उहाँको ०५१ साल भाद्र २ गते कांग्रेसी गुण्डाहरुले धारिलो हतियार प्रयोग गरी हत्या गरेका थिए।

प्रकाशक : रामसिंह बुढाथोकी, प्रधान सम्पादक : कुमार शाह, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं